का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ साउन २०८२,
बिहीबार
24 July, 2025
Thursday
मूल्य रु. ५/-
मध्याह्न
राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २३, अंक १७२ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# मधेशमा पानीकै हाहाकार
## नागरिकले खोजे सरकार

राज्यको आवश्यकता महसुस हुने विपदकै बेलामा हो । तर सुक्खा क्षेत्रका नागरिकहरू सरकार नभेटिएको भनेर प्रश्न गरिरहेका छन् ।



सरकारले नागरिकलाई खानेपानी दिने हो कि होइन ? दिने हो भने कहिले दिने हो ? जवाफ होइन पानी चाहियो ।

**प्रभु साह**, अध्यक्ष, आजपा



पहाडमा वर्षाको प्रभाव छ भने तराई-मधेश सुक्खा समस्याले ग्रस्त छ । यी समस्या समाधान गर्न सरकारले कुनै कसर बाँकी राख्ने छैन ।

**केपी शर्मा ओली**, प्रधानमन्त्री

**मुकुन्द लामिछाने/मध्याह्न**
काठमाडौं, ७ साउन ।

मधेश प्रदेशमा खानेपानीकै समस्या भएको छ । मनसुनको समयमा समेत पानी नपरेपछि चापाकलसमेत सुकेका छन् । मधेश प्रदेशबाट राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद शेखरकुमार सिंहका अनुसार मधेशमा पानीको अभावले विकराल रूप लिइसकेको छ ।

पहिले १८ फिट खन्दा नै पानी पाइन्थ्यो । अहिले कतै-कतै साढे ३ सय फिट खन्दा समेत पानी नभेटिने अवस्था छ । यो विषय राष्ट्रिय सभामा उठाएर सांसद सिंहले पानीसमेत पिउन नपाइरहेका नागरिकले राज्य खोजिरहेको भनेर सरकारको ध्यानाकर्षण गराएका छन् ।

मधेशबाटै प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने आम जनता पार्टी (आजपा)का अध्यक्षसमेत रहेका सांसद प्रभु साहका अनुसार तराई क्षेत्रका नागरिकहरू 'पानी-पानी' भनिरहेका छन् ।

'पानी-पानी भन्दाभन्दै मानिसहरू थाकिसके । सुन्नेहरूको कान पाकिसक्यो, तर सरकार सुन्दैन,' बुधबार प्रतिनिधि सभाको बैठकमा बोल्दै उनले सरकारलाई प्रश्न गरे, 'सरकारले नागरिकलाई खानेपानी दिने हो कि होइन ? दिने हो भने कहिले दिने हो ? जवाफ होइन पानी चाहियो ।'

पानीको हाहाकारपछि मधेश प्रदेशले सुक्खा क्षेत्र घोषणा गरेको छ । संघीय सरकारले पनि मधेश प्रदेशका ८ वटै जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

यो विषय बुधबार प्रतिनिधि सभामा जानकारी गराउँदै प्रधानमन्त्री केपी शर्मा ओलीले मधेशमा खानेपानी र सिँचाइका लागि गर्नुपर्ने काममा सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाए । पृष्ठ २ मा

युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किन:**

- नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## 'तीन तहबीच समन्वय होस्'

एकातिर तराई क्षेत्रमा खानेपानीकै हाहाकार छ भने अर्कोतिर वर्षायाममा समेत पानी नपर्दा सिँचाइको अभावमा कृषकले खेती लगाउन पाएका छैनन् । यसले भविष्यको चिन्ता थपेको छ ।

यस्तो बेला तीन वटा तहका बीचमा समन्वय आवश्यक रहेको मधेशी आयोगको ठहर छ ।

मधेशी आयोगले मधेश प्रदेशमा देखिएको खडेरीको संकट समाधान गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वय हुनुपर्ने आवश्यकता औंल्याएको छ ।

आयोगले बुधबार प्रेस विज्ञप्ति निकालेर खानेपानी जस्तो आधारभूत आवश्यकताबाट मधेश प्रदेशका बासिन्दा वञ्चित हुनुलाई मानव अधिकारसँग जोडेर सरकारको ध्यानाकर्षण गराएको छ । पृष्ठ २ मा

# सामाजिक सुरक्षा कोषबाट सुविधा लिने बढे करिब २४ लाख श्रमिक आबद्ध

रोजगारदाता र योगदानकर्ताको सूचीकरण र योगदान रकम संकलन उल्लेख्य वृद्धि भएको छ । ठूला रोजगारदाताको आबद्धता बढ्दा सुरक्षा कोषमा श्रमिकको आबद्धताको संख्या बढेको हो ।

**कहिले कति थपिए ?**

| आर्थिक वर्ष | रोजगारदाता |
|---|---|
| २०७५/०७६ | ३२६१ |
| २०७६/०७७ | ९२०२ |
| २०७७/०७८ | २५०८ |
| २०७८/०७९ | २२४१ |
| २०७९/०८० | ८२८ |
| २०८०/०८१ | ११७० |
| २०८१/०८२ | १७४१ |
| जम्मा | २०५५१ |



गत आर्थिक वर्षमा ८ लाख ८२ हजार ९ सय ४६ जना श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भए ।

**कृष्ण अधिकारी**
**प्रवक्ता**
**समाजिक सुरक्षा कोष**

**छवि सापकोटा/मध्याह्न**
काठमाडौं, ७ साउन ।

सामाजिक सुरक्षा कोषमा सूचीकृत हुने रोजगारदाताको संख्या बढेसँगै लाभ लिने श्रमिकको संख्या समेत बढ्दो छ । सामाजिक सुरक्षा कोष सुरु भएको ७ वर्षमा २० हजार ९ सय ५१ रोजगारदाता सूचीकरण हुँदा सामाजिक सुरक्षा कोषमा आबद्ध योगदानकर्ता श्रमिकको संख्या झन्डै २४ लाख पुगेको छ । कोषले सामाजिक सुरक्षा कोषमा आबद्ध योगदानकर्ता श्रमिकको संख्या २३ लाख ७४ हजार ४८६ पुगेको जनाएको छ । पृष्ठ २ मा

### १५ अर्ब ७५ करोड भुक्तानी

सामाजिक सुरक्षा कोषबाट लाभ लिनेको संख्या बढेसँगै कोषबाट सुविधा लिने पनि बढ्दै छन् । अहिलेसम्म समाजिक सुरक्षा कोषबाट १५ अर्ब ७५ करोड सुविधा दाबी भुक्तानी गरेका छन् ।

औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाअन्तर्गत १ लाख १० हजार ६९६ योगदानकर्तालाई २ अर्ब १५ करोड, दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गत ५ हजार ९३३ योगदानकर्तालाई २० करोड, आश्रित परिवार सुरक्षा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# एजुकेशनको नाममा कन्सल्ट्यान्सीको वैदेशिक रोजगारको धन्दा
## वाणिज्य विभागद्वारा ३३ कन्सल्ट्यान्सीमा छापा

**मध्याह्न संवाददाता**
काठमाडौं, ७ साउन ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अघोषितरूपमा वैदेशिक रोजगारको काम गर्ने तथा परामर्शका नाममा जथाभाबी शुल्क लिने राजधानीका ३३ कन्सल्ट्यान्सीमा अनुगमन गरेको छ । असार १ गतेदेखि साउन ६ गतेसम्मको अवधिमा विभागले उपभोक्ता ऐनअनुसार ती कन्सल्ट्यान्सीमा अनुगमन गरेको हो ।

विभागले राजधानीमा रहेका एईसी ग्लोबल नेपाल प्रा.लि., एसएस एजुकेशन सोलुसन सर्भिस प्रा.लि., प्यासिफिक एजुकेशन कन्सल्ट्यान्सी प्वाइन्ट प्रा.लि., द नेक्स्ट एजुकेशन कन्सल्ट्यान्सी प्रा.लि., अक्सब्रिज फाउण्डेशन फर ग्लोबल स्टडिज प्रा.लि., एसएस एजुकेशन सोलुसन सर्भिस प्रा.लि., द नेक्स्ट एजुकेशन कन्सल्ट्यान्सी प्रा.लि., अल्फा बिटा इन्स्टिट्युट प्रा.लि., आईडीपी एजुकेशन नेपाल प्रा.लि. र थ्रि सिक्स्टी एजुकेशन सोलुसन्स प्रा.लि.मा अनुगमन गरेको छ ।

त्यस्तै आईडीपी एजुकेसन स्टुडेन्ट सर्भिस नेपाल प्रा.लि., प्याम एजुकेशन प्रा.लि., अक्सब्रिज फाउण्डेशन फर ग्लोबल स्टडिज प्रा.लि., ग्लोबल फेमिली एजुकेशन कन्सल्ट्यान्सी प्रा.लि., ओलिभिया एजुकेशन कन्सल्ट्यान्सी एण्ड ट्रेनिङ सेन्टर प्रा.लि., ग्लोबल प्लेटफर्म एजुकेशन कन्सल्ट्यान्सी प्रा.लि., बृहस्पती इन्टरनेशनल एजुकेशन कन्सल्ट्यान्सी, नेटकम्स सर्भिसेस प्रा.लि., हारुतो ग्लोबल एजुकेशन कन्सल्ट्यान्सी प्रा.लि. र गोरेटो कुमारीपाटी प्रा.लि.मा पनि विभागले अनुगमन गरेको छ ।

अनुगमन गरिएका अन्य कन्सल्ट्यान्सीहरूमा अर्बिट मेडिकल इन्ट्रान्स प्रा.लि., केआईईसी प्रा.लि., नेशनल इन्स्टिच्युट अफ म्यानेजमेन्ट एक्सिलेन्स, ए वान एजुकेशन एण्ड कन्सल्ट्यान्सी, मेरिट नेपाल एजुकेशनल सर्भिसेस प्रा.लि., लनैसिक एजुकेशन प्रा.लि., अल्फा बिटा इन्स्टिच्युट पृष्ठ २ मा

### १८ लाख कामदार सामाजिक सुरक्षा कोषमा आबद्ध

**काठमाडौं/मस–** वैदेशिक रोजगारमा रहेका करिब १८ लाख कामदार योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा जोडिएका छन् । कोषले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा गत आर्थिक वर्ष २०८१/०८२ सम्म २० हजार ९९१ रोजगारदाता र २३ लाख ७४ हजार ४८६ योगदानकर्ता आबद्ध भएकोमा वैदेशिक रोजगारमा गएकाहरूको संख्या १७ लाख ८५ हजार ५७३ जना रहेको जानकारी दिइएको छ ।

वैदेशिक रोजगारमा गएकाहरूको योगदान अर्थात् रकम जम्मा गर्ने काम नियमित भने हुन सकेको छैन । पृष्ठ २ मा





आगामी पार्टी नेतृत्वमा कमरेड केपी ओलीको विकल्प थिएन र छैन, त्यसैअनुसार एमाले बैठकले निर्णय गरेको छ । एमालेमा दोस्रो तहका नेताहरु नेतृत्वका लागि तयार भइसक्नुभएको छैन

**महेश बस्नेत**
**पोलिटब्युरो सदस्य**
**नेकपा एमाले**



पार्टी नेतृत्वको तयारी त दोस्रो तहका नेताहरुले पनि गर्नुभएकै होला, तर यो विषय सजिलो छैन, अहिले नै पार्टी नेतृत्वका लागि कोही तयार भएजस्तो देखिँदैन

**हिमाल शर्मा**
**पोलिटब्युरो सदस्य**
**नेकपा माओवादी केन्द्र**

# नेतृत्वमा सदाबहार रजगज

**जीवन शर्मा/मध्याह्न**
काठमाडौं, ७ साउन ।

नेपालमा कम्युनिष्ट धारको नेतृत्वगर्ने अधिकांश नेताहरुले पार्टीको नेतृत्वमा पुगेपछि सोही पदमा सदाबहार रजगज गर्ने गरेका छन् । सार्वजनिकरुपमा प्रश्न उठ्दा नेतृत्व हस्तान्तरण गरिहाल्ने बताएपनि पार्टीभित्र विकल्पकारुपमा कोही आए त्यसलाई तलैबाट निमोठ्ने र आफ्नो हालीमुहाली कायम राख्ने प्रवृत्तिलाई पार्टी नेतृत्वले निरन्तरता दिँदै आएका हुन् ।

राजनीतिक अधिकारलाई संस्थागत गर्ने चरणमा पार्टीलाई हाँक्ने नेताहरु नभएपछि एउटै व्यक्ति लामो समयसम्म पार्टीको प्रमुख पदमा बस्नै पर्ने बाध्यता पनि थियो । तर, अहिले सबै राजनीतिक दलमा एकसे एक नेताहरु जिम्मेवारी पाएको खण्डमा नेतृत्व गर्न सक्षम छन् । यद्यपि अधिकांश दलहरुमा वर्षौंदेखि एकैजनाले पार्टी कब्जा गरेर हालीमुहाली गरिरहेका छन् ।

नेकपा एमालेमा सोही प्रवृत्ति हावी भएको छ । पार्टी नेतृत्वमा २ कार्यकाल विताएका एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टी नेतृत्वमा तेस्रो कार्यकाल समेत कब्जा गर्ने पक्का भएको छ । ओली आफैले ल्याएको नेतृत्वका लागि २ कार्याकाल र ७० वर्ष उमेरहदको वैधानिक व्यवस्थालाई पार्टीको सचिवालय, पोलिटव्यूरो र केन्द्रिय कमिटी बैठकबाट जवरजस्त पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

८ साउन २०८२ बिहीबार
24 July 2025, Thursday

## मधेशमा...

'अहिले पहाडमा वर्षा र बाढीको प्रभाव छ भने तराई-मधेश सुख्खा समस्याले ग्रस्त छ। यी समस्या समाधानका लागि सरकारले आवश्यक कदमहरु चालेको छ,' प्रधानमन्त्री ओलीले भनेका छन्, 'अब अल्पकालीन र दीर्घकालीन उपाय खोजेर समस्या समाधानतर्फ लाग्नुपर्नेछ। यससम्बन्धी गर्नुपर्ने काममा सरकारले कुनै कसर बाँकी राख्ने छैन।'

प्रधानमन्त्री ओलीले भनेजस्तै पहाडमा वर्षा बढी हुँदा बाढी र पहिरोको समस्या छ भने तराईमा पानी नपरेर तनाव छ।

राज्यको आवश्यकता महसुस हुने पनि विपद्कै बेलामा हो। तर सुख्खा क्षेत्रका नागरिकहरू सरकार नभेटिएको भनेर प्रश्न गरिरहेका छन्। विगतमा पनि यस्ता समस्या आएका थिए। गत वर्ष तराईका नागरिकले काठमाडौंसम्म आएर पानी चाहियो भनेर प्रदर्शन नै गरेका थिए। यस वर्ष पनि उस्तै समस्या दोहोरिएको हो।

## तीन...

आयोगका सचिव नरेशराज खरेलद्वारा जारी विज्ञप्तिमा उल्लेख भएअनुसार मधेशका कयौं स्थानमा स्थानीय तह र प्रदेश सरकारको समन्वयमा दमकल र ट्यांकरमार्फत खानेपानी वितरण गरिए पनि त्यो पर्याप्त भएको छैन। आयोगले खानेपानीको अभाव भएका क्षेत्रमा तत्काल सो सुविधा पुऱ्याउन आग्रह गरेको छ।

आयोगले खडेरीका कारण बालीनालीमा क्षति व्यहोरेका किसानलाई राहत प्याकेजको घोषणा गरी उचित क्षतिपूर्तिको व्यवस्था गर्न तथा सिँचाइका लागि तत्काल डिप बोरिङ जडान गरी वैकल्पिक सिँचाइको व्यवस्था गर्न पनि सरकारलाई भनेको छ।

## सामाजिक...

कोषका प्रवक्ता कृष्ण अधिकारीले भने, 'रोजगारदाता र योगदानकर्ताको सूचीकरण र योगदान रकम संकलनमा समेत उल्लेख्य वृद्धि भएको छ। गत आर्थिक वर्षमा मात्र ८ लाख ८२ हजार ९ सय ४६ जना श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन्। जसमध्ये औपचारिकतर्फ ६ लाख १ हजार ८२५, वैदेशिक क्षेत्रतर्फ १७ लाख ७१ हजार ५३७ तथा अनौपचारिक र स्वरोजगार क्षेत्रतर्फ १ हजार १ सय २४ रहेका छन।'

गत आर्थिक वर्षमा पनि १७ सय भन्दा धेरै रोजगारदाता कोषमा आबद्ध भएका छन्। ठूला रोजगारदाताको आबद्धता बढ्दा सुरक्षा कोषमा श्रमिकको आबद्धताको संख्या बढेको हो।

औपचारिक क्षेत्रका श्रमिक २०७६ साल साउन १ गतेदेखि, वैदेशिक रोजगारीमा गएका श्रमिक २०७९ चैत ८ गतेदेखि र अनौपचारिक एवं स्वरोजगार क्षेत्रका श्रमिकहरू २०८० साल साउन ३१ गतेदेखि कोषमा आबद्ध हुन थालेका हुन्।

यस्तै समाजिक सुरक्षा कोषमा आबद्धताको संख्या बढ्दै जाँदा योगदान रकम संकलन समेत बढेको छ। गत आर्थिक वर्ष २०८१/०८२ मा थप २५ अर्ब ३६ करोड रुपैयाँ योगदान रकम संकलनसहित कुल योगदान रकम संकलन ८३ अर्ब ६५ करोड रुपैयाँ पुगेको प्रवक्ता अधिकारीले बताए।

## १५ अर्ब...

योजनाअन्तर्गत ७ सय ४५ योगदानकर्तालाई २६ करोड र वृद्ध अवस्था सुरक्षा योजनाअन्तर्गत १ लाख १२ हजार ८ सय ६८ योगदानकर्तालाई १३ अर्ब १३ करोड भुक्तानी भएको कोषले जनाएको छ।

आर्थिक वर्ष २०८१/८२ मा थप ३ लाख ६२ हजार वटा दाबी भुक्तानीमार्फत ५ अर्ब ८७ करोड रुपैयाँसहित कुल ७ लाख ५६ हजार वटा दाबी भुक्तानीमार्फत हालसम्म कुल १५ अर्ब ७५ करोड रकम भुक्तानी भएको छ।

यस्तै योगदानकर्ता सापटीअन्तर्गत ३४ हजार २० योगदानकर्तालाई विशेष सापटीबापत ६ अर्ब ९० करोड, ६७ योगदानकर्तालाई घर सापटीबापत १३ करोड र १० योगदानकर्तालाई शैक्षिक सापटीबापत १ करोड गरी कुल ३४ हजार ९७ योगदानकर्तालाई ७ अर्ब ४ करोड रुपैयाँ भुक्तानी भएको कोषले जनाएको छ।

यस्तै औषधी उपचार गर्ने स्वास्थ संस्था १ सय ७ वटा पुगेको छ। स्वास्थ्य सेवामा बढी केन्द्रित रहेकाले व्यवस्थित र प्रभावकारी बनाउन आर्थिक वर्ष २०८१/८२ मा समेत २४ वटा स्वास्थ्य संस्थासँग जोडिएको कोषले जनाएको छ।

## नेतृत्वमा...

हटाएरै छाडे। यो सँगै ११औं महाधिवेशनमा उनी तेस्रो पटक नेतृत्वमा आउने पक्का भएको नेकपा एमालेका नेता महेश बस्नेतले बताए। 'आगामी पार्टी नेतृत्वमा कमरेड केपी ओलीको विकल्प थिएन र छैन', बस्नेतले मध्यान्हसँग भने 'त्यसै अनुसार एमाले बैठकले निर्णय गरेको छ। एमालेमा दोस्रो तहका नेताहरु नेतृत्वकालागि तयार भइसक्नुभएको छैन।', ओलीको विकल्पमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी आउने योजनामा रहेपनि ओलीको निर्देशनमा केन्द्रीय कमिटिले उनको सदस्यता निश्क्रिय बनाइदिएको छ। 'भण्डारीको सदस्यता स्वत निश्क्रिय भएको छ', एमाले महासचिव शंकर पोखरेलले भने 'मुलुककै गरिमामय पद राष्ट्रपति, सेनाको परमाधिपति भइसकेको व्यक्ति राजनीतिमा आउनुले लोकतन्त्रमाथि प्रश्नहरु उठ्ने भयो र यो व्यवस्था नै कमजोर हुने स्थिति आएकाले उहाँको सदस्यता स्वतः निश्क्रिय हुनेगरी पार्टीले निर्णय लिएको छ।'

नेताहरुको यो व्यवहारले पार्टीमा नयाँ व्यक्ति विकल्पको रुपमा अघिसार्न सक्ने अवस्था नरहेको प्रष्ट देखाएको छ। एमालेमा आफू बाचुन्जेल ओलीले अध्यक्ष पद हस्तान्तरण गर्ने अवस्था नरहेको एमालेकै असन्तुष्ट नेताहरुले टिप्पणी गरेका छन्। पार्टीमा युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, कर्ण थापा, उषाकिरण तिमल्सीनालगायत केही नेताहरुले भण्डारीलाई रोक्ने योजनासहित २ कार्याकाल, ७० वर्षे उमेरहद र पूर्वराष्ट्रपतिको सदस्यता निश्क्रियताको विषयमा फरक मत राखेका छन्। तर, उनीहरुको आवाज पार्टी संस्थापन पक्षका नेताहरुले दबाएर राखेका छन्। यसले आगामी नेतृत्वका लागि ओलीको विकल्प नरहेको र वर्तमान उपाध्यक्षहरु तथा महासचिव सक्षम नरहेको स्वघोसित भएको नेता विद्याभण्डारी निकट नेताहरुले टिप्पणी गरेका छन्।

त्यस्तै पर्टी स्थापनादेखि प्रमुख पदमा रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड विगत ३५ वर्षयता महामन्त्री र अध्यक्षको भूमिकामा छन्। कम्युनिस्ट राजनीतिमा संलग्न भएको १८ वर्षपछि ३५ वर्षको उमेरमा नेकपा मशालको प्रमुख पद महामन्त्री भएका उनी अहिले पनि पद हस्तान्तरणलाई बोलीमा सिमिति बनाउने नेता मध्यका एक हुन्। विसं २०४६ सालमा नेकपा मशालको प्रमुख भए यताका ३६ वर्षदेखि निरन्तर पार्टीको नेतृत्वमा छन्।

साढे तीन दशक प्रचण्डको एकल नेतृत्व स्वीकार गरेको माओवादी केन्द्रमा दोस्रो पुस्ताका नेताहरु नेतृत्वको लागि तयार छैनन्। सो दलका नेतृत्व गर्ने तहमा पुगेका पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई पार्टीमा प्रचण्डको दबदबा सहमन नसकेर निस्कीएका थिए। त्यसपछि माओवादीमा कोही नेताहरु पार्टी अध्यक्षका लागि प्रचण्डको विकल्प उभिने आँट गर्दैनन्। उपमहासचिव जनार्दन शर्मा प्रभाकरले वेला वखत प्रचण्डलाई काउन्टर दिने खोजेजस्तो देखिएपनि अध्यक्ष प्रचण्डको अगाडी जनार्दनको केही नलाग्ने नेकपा माओवादी केन्द्रका नेताहरु बताउँछन्। 'पार्टीको नेतृत्व गर्नु कम्ती चुनौतिपूर्ण छैन', माओवादी केन्द्रका पोलिटव्यूरो सदस्य हिमाल शर्माले भने ' पार्टी नेतृत्वको तयारी त दोस्रो तहका नेताहरुले पनि गर्नुभएकै होला, तर यो विषय सजिलो छैन। पार्टी अध्यक्षले सावर्जनीकरुपमै नेतृत्वका लागि आव्हान गर्नुभएको छ। यद्यपि अहिले नै कोही तयार भएजस्तो देखिदैन्।' नेतृत्व भनेको राजनीतिक आन्दोलनले स्थापित गर्ने जिम्मेवार पद भएको उनको भनाई छ।

गत महाधिवेशनमा पार्टी विधानमा एक व्यक्ति दुई कार्यकालभन्दा बढी एउटै पदमा रहन नपाउनेगरी विधान संशोधन गर्न प्रस्ताव गरेपनि प्रचण्ड नेतृत्वको अगाडि कसैले पनि चुनौती दिन नसकेको माओवादीका नेताहरु बताउँछन्।

३५ वर्षको हुँदा कट्टर वामपन्थीहरूको दल नेकपा मशालको प्रमुख अर्थात् महामन्त्री भएका पुष्पकमल दाहाल अघिल्लो ७० वर्ष भइसकेका छन। अझै उनी पार्टी नेतृत्व छाड्ने र नयाँलाई नेता स्थापित गर्न सहयोग गर्ने पक्षमा छैनन्।

उता जनता समाजवादी पार्टी (जसपा) नेपालको अध्यक्षमा उपेन्द्र यादव पनि आजिवन पार्टी नेतृत्वमा छन्। २८ जेठ २०८१ म भएको महाधिवेशनमा उनि निर्विरोध अध्यक्ष चयन भएका हुन्। सामाजिक संस्थाको रूपमा गठन भएको मधेसी जनअधिकार फोरम नेपालको अध्यक्षमा उपेन्द्र यादव २०५४ मै चयन भएका थिए। यादव कम्युनिष्ट धारकै नेता हुन्। २०६३ मा मधेसी जनअधिकार फोरम नेपाल दर्ता गराएपछि यादव निरन्तर अध्यक्ष छन्। उनले नेतृत्वको विकल्प खोज्ने नेताहरु पाखा लगाइसकेका छन्।

जसपा नेपालमा उपेन्द्र यादवलाई महन्थ ठाकुर, राजेन्द्र महतो, डा.बाबुराम भट्टराई, महिन्द्र राय यादव, अशोक राई, राजेन्द्र श्रेष्ठको डर थियो। उनीहरूले पार्टीको अध्यक्षमा दावी गर्ने हो कि भन्ने चिन्ता भएका यादवले बिस्तै सबै नेतालाई साइड लगाएर आफै अध्यक्ष बनेको मधेशी नेताहरुको आरोप छ।

१५ वर्ष एमले पार्टीको नेतृत्व (महासचिव) बनेका माधव कुमार नेपाल केपी ओलीले एमलेमा एकैटी चलाएपछि पार्टी फुटाएर फेरि नेकपा एकिकृत समाजवादीको अध्यक्ष बनेका नेता हुन। गत महाधिवेशनमा उनले अरुलाई नेतृत्व हस्तान्तरण गर्न चाहेनन्। नेतृत्वक हस्तान्तरण गर्न युवा पुस्ताको दाबाबकाबीच अनेकन तिकडम गरेर उनी अध्यक्ष बनेको नेकपा एसकी पूर्वसचिव रामकुमारी झाँक्रीले पटक पटक अभिव्यक्ति दिदै आएकी छिन्। यही मुद्दा उठाउँदा पार्टीमा एक्लिएकी झाँक्री अहिले माधव नेपाल र उनको समुहसँग रुष्ट छिन्। अन्य साना कम्युनिष्ट घटकहरुमा समेत नेतृत्व हस्तान्तरणको समस्या उस्तै छ। नेकपा क्रान्तिकारीका अध्यक्ष मोहन बैद्य किरण, नेकपाका महासचिव नेत्रविक्रम चन्द्र(विप्लव), नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह, विभिन्न दल खोल्दै अध्यक्ष बनेका बाबुराम भट्टराई अहिले नेसपा नयाँ शक्ति पार्टीको अध्यक्ष नै छन्। उनीहरुकै नेतृत्वमा पर्टी विभाजनपश्चता स्थापना भएका दलमा नयाँ नेतृत्व आउने सम्भावना छैन्। बरु नेतृत्वको लडाईंमा थुप्रै कम्युनिष्ट नेताहरुले पार्टी फुटाएर साना पार्टी बनाउँदै आएका छन्।

## एजुकेशनको...

प्रा.लि., कोवे इन्टरनेशनल एजुकेशन सेन्टर प्रा.लि., क्रस ओसियन एजुकेशन कन्सल्ट्यान्सी प्रा.लि., पाठशाला एजुकेशन नेटवर्क काठमाडौं प्रा.लि., काष्ठमाण्डप एजुकेशन सर्भिसेस प्रा.लि., ब्रिस्टा एजुकेशन कन्सल्ट्यान्सी प्रा.लि. र एड्हब युनिभर्सल सर्भिसेस प्रा.लि. रहेका छन्।

विभागका महानिर्देशक कुमारप्रसाद दाहालले अनुगमनका क्रममा कतिपय कन्सल्ट्यान्सी दर्ता नै नभएका र कतिपयले परामर्शका नाममा उपभोक्ताको ढाड सेक्ने गरी जथाभाबी शुल्क असुली गरेको देखिएको बताए।

वैदेशिक रोजगार विभागका पूर्वमहानिर्देशकसमेत रहेका दाहालले कतिपयले वैदेशिक रोजगार ऐन २०६४ ले कसुर परिभाषित गरेका काम गरेको देखिए पनि विभागले उपभोक्ता संरक्षण ऐनले दिने अख्तियारीभित्र रहेर अनुगमन गरेको बताए। विभागले एसएस एजुकेसन, ग्लोबल फेमिली, ललितपुर नेटकम, हारुतो ग्लोबल, गोरेटो कुमारीपाटी, नेशनल इन्स्टिच्युट र काष्ठमण्डप एजुकेसनलाई ५१ हजार रुपैयाँका दरले जरिवानासमेत गरेको छ। अन्यलाई विभागमा बोलाएर अनुसन्धान गरिने महानिर्देशक दाहालले बताए।

शैक्षिक कन्सल्ट्यान्सीहरूले वैदेशिक रोजगार ऐन २०६४ ले कसुर परिभाषित गरेका इजाजत बिना राहदानी लिने र विदेशमा रोजगारीको सुनिश्चितता भन्दै मोटो रकम असुली गर्ने गरेको चर्चा लामो समयदेखि रहेको थियो। केही कन्सल्ट्यान्सीले युरोपेली मुलुकमा वैदेशिक रोजगारीमा पठाउने भन्दै लाखौं ठगी गर्ने गरेको पनि खुलेको छ। तर अधिकार क्षेत्रको अस्पष्टता र जनशक्तिको अभाव भन्दै वैदेशिक रोजगार विभागले कन्सल्ट्यान्सीमा अनुगमन वा छापा मार्न नसकिरहेको अवस्थामा वाणिज्य विभागले कन्सल्ट्यान्सीमा अनुगमन गरेको हो।

महानिर्देशक दाहालले क्यालेन्डर नै बनाएर अनुगमन गरिने मध्यान्ह दैनिकलाई जानकारी दिए। उनले उपत्यका बाहिरका प्रमुख शहरी क्षेत्रमा पनि अनुमति बिना कन्सल्ट्यान्सी खोलेर जथाभाबी रकम असुली गरेको गुनासो आइरहेको पनि बताए।

कोइली शाही मृत्यु प्रकरण

# अनुसन्धानमा ढिलाइ, दोषीमाथि कारबाही भएन



बालराम शेर्पाली/मध्यान्ह
रुकुमपूर्व, ७ साउन

सिस्ने गाउँपालिका-६ की कोइली शाहीको रहस्यमय मृत्यु प्रकरणमा दोषीमाथि कडा कारबाहीको माग गर्दै विभिन्न संघसंस्थाले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वलाई संयुक्त ध्यानाकर्षण-पत्र बुझाएका छन्।

नेकपा (माओवादी केन्द्र) निकट विभिन्न भातृ संगठनहरुले बुधबार जिल्ला प्रशासनमा बुझाएको ध्यानाकर्षण-पत्रमा अनुसन्धानमा ढिलासुस्ती भएको भन्दै असन्तोष प्रकट गरिएको छ। मृतक शाही सिस्ने गाउँपालिकामा कार्यालय सहायकको पदमा कार्यरत थिइन्। आषाढ २८ गते सिस्ने -५ स्थित आफ्नै डेरामा उनी मृत अवस्थामा फेला परेकी थिइन्।

मृतकका बुबा दीपककुमार शाहीले रुकुम पश्चिम बाँफिकोट-२ निवासी परिचन्द्र खत्रीविरुद्ध आत्महत्या दुरुत्साहनको किटानी जाहेरी दर्ता गराएका थिए।जाहेरीका आधारमा रुकुमकोट जिल्ला अदालतले पक्राउ पूर्जी समेत जारी गरिसकेको भए पनि नौ दिन बित्दा पनि अभियुक्त पक्राउ नपरेको भन्दै पीडित पक्षले राज्य संयन्त्रप्रति गम्भीर प्रश्न उठाएका छन्। 'पर्याप्त प्रमाण हुँदाहुँदै पनि ढिलाइ हुनु र प्रहरी प्रशासनको निष्क्रियताले छोरीले न्याय पाउदैन कि भन्ने डरमा छु' मृतकको बुबा दीपककुमार भने।

ध्यानाकर्षण पत्रमा घटनाको सत्यतथ्य यथाशीघ्र सार्वजनिक गर्न, अभियुक्तलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन र पीडित परिवारलाई न्याय सुनिश्चित गर्न जोड दिइएको छ। पत्रमा उल्लेख गरिएको छ, 'अनुसन्धानमा भएको ढिलाइ पीडित परिवारको पीडामा थप चोट हो। यस्तो ढिलासुस्तीले दण्डहीनता मौलाउने र समाजमा न्यायप्रतिको विश्वास गुम्ने खतरा बढेको छ।'

संयुक्त ध्यानाकर्षण बुझाउनेमा अखिल नेपाल महिला संगठन (क्रान्तिकारी), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), नेपाल दलित मुक्ति मोर्चा, वाइसिएल नेपाल, अखिल क्रान्तिकारी, प्रेस सेन्टर नेपाल रुकुमपूर्व, नेपाल उद्योग व्यापार महासंघ, शिक्षक संगठन, ट्रेड युनियन, जनक्रान्तिका घाइते तथा अपाङ्ग योद्धा संघ, जिल्ला समन्वय समिति र सहिद परिवार समाज लगायतका संगठनहरू बुझाएको अखिल क्रान्तिकारीका अध्यक्ष चन्द्र रसाईलीले बताए।

जिल्ला प्रशासन र प्रहरी कार्यालयले घटनाको गम्भीर अनुसन्धान भइरहेको र अभियुक्तको खोजी तीव्र पारिएको प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेले बताए। यस्तै प्रहरी नायब उपरीक्षक उमाशंकर प्रसाद यादवले अनुसन्धान अन्तिम चरणमा पुगेको र अभियुक्त पक्राउका लागि विशेष टोली परिचालन गरिएको जानकारी दिएका छन्।

## १८ लाख...

कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले वैदेशिक रोजगारीमा रहेका श्रमिकबाट हुने योगदान रकमको नियमितताका लागि प्रयास जारी रहेको बताए। कोषले योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध श्रमिक र श्रमिकका परिवारको स्वास्थ्य जिम्मा लिने घोषणा गरेको छ। कार्यकारी निर्देशक अधिकारीले अबको करिब चार वर्षमा श्रमिक र परिवारको स्वास्थ्यको जिम्मा कोषमार्फत राज्यले लिने गरी काम भइरहेको जानकारी दिए।


**इन्टरपिड रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि.को जरूरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **इन्टरपिड रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि.** (श्रम इजाजत पत्र नं. १६७६/२०८०/०८१) को नाममा सुन्दर हरैचा ६ मोरङ हाल काठमाडौं ९ बस्ने योजन तिवारी र ऐरावती गा.पा. २ प्युठान स्थायी घर भएका विष्णु गिरीले यस प्रा.लि.को नाम लिई वैदेशिक रोजगारमा पठाई दिन्छु भनी विभिन्न व्यक्तिहरुसँग राहदानी संकलन र आर्थिक कारोबार समेत गरेको भन्ने सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ। निज व्यक्तिहरू यस प्रा. लि को आधिकारिक व्यक्ति नभएको र यस प्रा.लि.को केन्द्रीय कार्यालय सिनामंगल-९, काठमाण्डौमा बाहेक अन्यत्र कहि कतै शाखा र सम्पर्क कार्यालय नभएको समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस प्रा.लि.को आधिकारिक व्यक्ति बाहेक अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं। यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न अनुरोध गर्दछौं।

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866



**Cyprus मा रोजगार | 1. Global Tree Recruitment Ltd, Paphos, Cyprus — पून विज्ञापन**

पूर्व स्वीकृती मिति २०८१।०९।१९ चलानी नं. ६०२३०७९१ LT.No. 316346

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 01 | - | स.काममा दक्ष | 800 | १२९,७४६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Porter | 01 | - | | 800 | १२९,७४६।- | | | | | | | |
| 3 | Cashier | 01 | 02 | | 800 | १२९,७४६।- | | | | | | | |
| 4 | Electrician | 01 | - | | 800 | १२९,७४६।- | | | | | | | |
| 5 | Plumber | 02 | - | | 800 | १२९,७४६।- | | | | | | | |
| 6 | Welder | 01 | - | | 800 | १२९,७४६।- | | | | | | | |
| 7 | Ductman | 01 | - | | 800 | १२९,७४६।- | | | | | | | |
| 8 | Aluminium Fabricator | 01 | - | | 800 | १२९,७४६।- | | | | | | | |
| 9 | CNC Machine Operator | 01 | - | | 800 | १२९,७४६।- | | | | | | | |

लागत खर्च रु. ४५,०००/-

**2. Private Employment Agency, Cyprus, Cyprus** पूर्व स्वीकृती मिति २०८१।०४।१८, चलानी नं. ६०२४१३९८, LT.No. 308341

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 03 | - | स.काममा दक्ष | 600 | ९७,३१०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook | 03 | - | | 700 | ११३,५२८।- | | | | | | | |

लागत खर्च रु. ४५,०००/-

**३. कम्पनी: C & C Private Employment Agency, Cyprus, Cyprus** लागत खर्च रु. ३५,०००/-
पूर्व स्वीकृती मिति २०८१।०३।१४ चलानी नं. ६०२४१३९५ LT.No. 306903

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | स.काममा दक्ष | 400 | ६४,८७३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**४. कम्पनी: E.G. Estia Cyprus Private Employment Agency, Paphos,Cyprus** लागत खर्च रु. ३५,०००/-
पूर्व स्वीकृती मिति २०८१।०१।१३ चलानी नं. ६०२४१३९४ LT.No. 303781

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | स.काममा दक्ष | 400 | ६४,८७३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**५. कम्पनी: Chriso Younkhan Private Labour Office, Limassol, Cyprus** लागत खर्च रु. १०,०००/-
पूर्व स्वीकृती मिति २०८०/११/२४ चलानी नं. ६०२४१३९३ LT.No. 301175

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | स.काममा दक्ष | 400 | ६४,८७३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**५. कम्पनी: E.G. Estia Cyprus Private Employment Agency, Paphos,Cyprus** लागत खर्च रु. ३५,०००/-
पूर्व स्वीकृती मिति २०८०।१०।०२ चलानी नं. ६०२४१४०२ LT.No. 297811

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reception | - | 01 | काममा दक्ष | 700 | ११३,५२८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Porter | 02 | - | | 700 | ११३,५२८।- | | | | | | | |
| 3 | House Keeping | - | 01 | | 700 | ११३,५२८।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | माथी उल्लेख छ |

**अन्तर्वार्ता २०८२ साउन १५ गते (31 July, 2025) मेनपावर कार्यालय रातोपुल गौशालामा हुनेछ।**

**Shalma H. R. Overseas Pvt. Ltd.** Gov. Lic. No. 1111/073/74
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com



"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पुर्वाधारः सुन्दर समृद्ध बर्जुको आधार"

**बर्जु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अमाहिवेल्हा, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**आ.व. २०८२/८३ मा विज्ञापन एजेन्सी, संस्था, फर्म/कम्पनीहरुबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ दररेट वा छुट सम्बन्धी शिलन्दी प्रस्ताव पेश गर्ने बारे सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०८)**

यस गाउँपालिकालाई आ.व. २०८२/८३ को लागि आवश्यक पर्ने राष्ट्रिय स्तरका पत्रपत्रिकामा विज्ञापन एवम् सूचना प्रकाशन गर्नका लागि इच्छुक इजाजत प्राप्त विज्ञापन एजेन्सी, फर्म/कम्पनी/संस्थाहरुले रितपूर्वकको दिन सक्ने छुट सहितको दररेट यसै सूचनासाथ संलग्न विवरणहरु यस कार्यालयको वेवसाइट www.barjumun.gov.npबाट डाउनलोड गरी यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा रु. १०००।– (एक हजार) तिरेको राजश्व भौचर सहित तपसिलको कागजपत्रहरु समेत संलग्न राखी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. संस्था/एजेन्सी अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र,
२. अद्यावधिक नविकरण फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणित प्रमाण-पत्र
३. मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण-पत्र,
४. स्थायी लेखा नम्बर (PAN)प्रमाणित प्रमाण-पत्र,
५. आ.व. २०८०/८१ सम्मको करचुक्ता प्रमाण-पत्र,
६. विज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएका प्रतिलिपी,
७. निवेदन

(नोटः रीतपूर्वकको सबैभन्दा बढी छुट दिने फर्म/कम्पनी/संस्थालाई छनौट गरिने छ।)

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘लेटर अफ एक्सचेन्ज’मा हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने निर्णय

**काठमाडौं/मस–** सरकारले बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण चिकित्सा केन्द्र परियोजना कार्यान्वयनसम्बन्धी चीन सरकारसँग ‘लेटर अफ एक्सचेन्ज’मा हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। बुधबार पत्रकार सम्मेलनमार्फत यही साउन ४ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण चिकित्सा केन्द्र परियोजना कार्यान्वयन गर्न सरकार तयार रहेको जानकारी दिए ।



उनले साउन १३ देखि १५ गतेसम्म भुटानको राजधानी थिम्पुमा आयोजना हुने ‘प्रमोटिङ एग्रो इकोलोजिकल एप्रोच फर सस्टेनेवल ट्रान्सफमेसन अफ एग्री–फुड सिस्टमस् इन’ साउथ एसिया कार्यक्रममा सहभागी हुन राष्ट्रिय योजना आयोगका सदस्य गंगादत्त अवस्थीलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको बताए । सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले विश्व बैंकबाट विकास प्रभावकारिताका लागि सार्वजनिक वित्त परियोजनाका लागि प्रस्ताव गरिएको १० मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने सम्बन्धमा विश्व बैंकसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने सरकारको निर्णय रहेको जानकारी दिए ।

सञ्चारमन्त्री गुरुङका अनुसार यही साउन ८ देखि १० गतेसम्म चीनको सान्दोङ प्रान्तमा आयोजना हुने ‘इन्टर नेसनल कन्फ्रेन्स अन रिड्युसिङ फुड लस एण्ड वेस्ट’मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा.गोविन्दप्रसाद शर्मालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, साउन १२ र १३ गते इथियोपियामा आयोजना हुने सेकेन्ड युनाइटेड नेसनल ‘फुड सिस्टम समिट स्टकटेक’ (युएनएफएसएस प्लस ४) मा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, साउन ६ गते नयाँदिल्लीमा आयोजना हुने नेपाल–भारत गृह सचिवस्तरीय बैठकमा नेपालको तर्फबाट गृहसचिव गोकर्णमणि दुवाडी नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति प्रदान गर्ने, भारतीय सेनाले आयोजना गर्ने १३४औं ‘एडिसन अफ डुरन्ड’ कप फुटबल टुर्नामेन्टको ओपनिङ सम्मेलन र नेपाली सेनाको फुटबल टिमको साउन ७ र ८ गते हुने ‘ओपनिङ म्याच’मा सहभागी हुन नेपाली सेनाका उपरथी ध्रुवप्रकाश शाहलाई स्वीकृति दिने, नेपाली सेनाका एक जना सहायक रथीलाई अवकाशपूर्व उपरथी दर्जामा मानार्थ बढुवा गर्ने सरकारका निर्णय रहेका छन् ।

यसैगरी, साउन ७ देखि १५ गतेसम्म जिम्बावेमा आयोजना हुने १५ औं ‘मिटिङ टु द कन्फ्रेन्स अफ द कन्ट्रयाकटिङ पार्टिइज् टु द कन्भेन्सन अन वेटल्यान्डस कप’ मा सहभागी हुन वन तथा वातावरण राज्यमन्त्री रूपा विकलाई स्वीकृति प्रदान गर्ने, नायब महान्यायाधिवक्ता डा.टेकबहादुर घिमिरेले यही साउन २ गतेदेखि लागू हुनेगरी पेस गर्नुभएको स्वेच्छिक अवकाश स्वीकृत गर्ने निर्णय गरिएको उनले उल्लेख गरे ।

# ‘निर्वाचनमा गठबन्धन गर्न हुँदैन’

**चितवन/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले निर्वाचनमा गठबन्धन गर्न नहुने विषय महासमितिबाट पारित गरेको बताएका छन् ।



नेपाली कांग्रेस चितवनले ४३औं बीपी स्मृति दिवसको सन्दर्भमा बुधबार आयोजना गरेको बीपी विचार र पार्टीमा रुपान्तरणको अभियान विषयक विचार गोष्ठीमा उनले सो कुरा बताएका हुन् ।

१५औं महाधिवेशनमा जसले नेतृत्व गरेपनि अब रुखमाबाहेक अन्यत्र भोट हाल्नुपर्ने अवस्था नआउने उनको भनाइ थियो ।

उनले भने, ‘गठबन्धन नगरे सरकारमा पुगिन्न कि भन्ने डरले, अर्को मिलेर सरकारमा गइदेला भन्ने डरले, सरकार र सत्ता भन्ने कुराको डर र लोभले गर्दा गठबन्धन भएको हो । यसबाट बाहिर निस्कँदा पार्टी बन्छ ।’ कुनै पनि नेता तथा कार्यकर्ताले सिद्धान्तसँग सम्झौता गर्न सक्दिन भनेर आफूलाई प्रस्तुत गर्न सक्यो भने तत्कालको लाभ नपाएपनि पार्टी बलियो बन्ने उनको भनाइ थियो ।

उनले भने, ‘सत्ता छोड्नुपर्ने डर, सत्ता लिप्साबाट हामी बाहिर निस्कनुपर्छ ।’ सो अवसरमा नेपाली कांग्रेसका केन्द्रीय कोषाध्यक्ष उमेश श्रेष्ठ, केन्द्रीय सदस्य मीन विश्वकर्मा र मधु आचार्यले बीपीको मार्गदर्शन अनुशरण गर्दै अघि बढ्नुपर्ने बताए ।

कार्यक्रममा युवा नेता प्रमोदहरि गुरागाई, महासमिति सदस्य विष्णु पाण्डे, प्रजातान्त्रिक विचार समाजका अध्यक्ष सुरेश आचार्य, नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष वसन्त पराजुली, शिक्षक संघ चितवनका अध्यक्ष इन्दिरा मरहट्ठा अधिवक्ता उद्धव लोहनी, गोविन्द सिग्देल, प्राध्यापक प्रदीप वाग्ले, कृष्णप्रसाद न्यौपाने, रमेश खनाललगायतले पार्टीलाई सुझाव दिएका थिए ।

# ‘मलाई कार्यक्षेत्र नदिए पार्टीमा लामो समय बस्न सक्दिनँ’

**काठमाडौं/मस–** नेकपा (एकीकृत समाजवादी) का वरिष्ठ नेता वामदेव गौतमले पार्टीले काम दिन नसके पार्टीमा आफू लामो समयसम्म बस्न नसक्ने घोषणा गरेका छन् ।

बुधबार कीर्तिपुरमा आयोजित ४७औं पुष्पलाल स्मृति दिवसको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो घोषणा गरेका हुन् ।




उनले आफूलाई पार्टीमा कुनै पद नचाहिएको तर कार्यक्षेत्र दिएर काममा लगाउन अग्रह गरे । उनले काम दिनको निम्ति कुन पद सिर्जना गर्नुपर्छ भन्ने सोचेर कामसहितको पद सिर्जना गरी जिम्मेवारी दिन आग्रह गरे । उनले काम बिनाको पद आफूलाई नचाहिने भन्दै काम नदिएदेखि लामो समयसम्म आफू पार्टीमा बस्न नसक्ने बताए ।

उनले भने, ‘मलाई के पद दिने भन्ने विषय उठेको छ । मलाई चाहिन्न पद । मैले त्यो पहिला पनि भनेको छु । मलाई काम दिनुस् । काम दिनका निम्ति तपाईंहरुले कुन पद सिर्जना गर्नुपर्छ र कामसहितको सिर्जना गरिदिनुस् । काम बिनाको पद चाहिँदैन ।

## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### रंगेली मोरङ

## करार शिक्षक तथा कर्मचारी पदपूर्ति सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/04/07)**

प्रस्तुत विषयमा छनौट समितिको मिति २०८२/०४/०६ गतेको निर्णयानुसार यस नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा विभिन्न तहका शिक्षक दरवन्दी, शिक्षण सहयोगीको तथा बालविकास सहजकर्ता पद रिक्त रहेको हुँदा उक्त पदहरु अर्को व्यवस्था नभएसम्मका लागि करार सेवामा पदपूर्ति गर्न तपसिल अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको राजश्व शाखामा आवेदन दस्तुर बुझाई सो को सक्कल भौचर आवेदन साथ संलग्न गरी यस कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:–**

| विज्ञापन नं | संख्या | पद | तह | विषय | किसिम | तलब स्केल | दस्तुर | परीक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/ २०८२/०८३ | १ | शिक्षक | नि.मा. | अंग्रेजी | करार | नेपाल सरकारले तोके अनुसार | ७००/- | लिखित (सामान्य र विषयगत) तथा अन्तरवार्ता | |
| ०२/ २०८२/०८३ | १ | शिक्षक | मा.वि. | नेपाली | करार | नगरपालिकाले तोके अनुसार | ११००/- | | नगर अनुदान |
| ०३/ २०८२/०८३ | २ | शिक्षक | प्रा वि | | करार | नेपाल सरकारले तोके अनुसार | ५००/- | | |
| ०४/ २०८२/०८३ | १ | शिक्षक | नि मा | नेपाली | राहत | नेपाल सरकारले तोके अनुसार | ७००/- | | |
| ०५/ २०८२/०८३ | १ | शिक्षक | मा वि | विज्ञान | करार | नेपाल सरकारले तोके बमोजिम | ११००/- | | शसर्त अनुदान |

**शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचिका उम्मेद्वारलाई नियमानुसार नियुक्तिका लागि सिफारिस गरिनेछ ।**

**शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचिका उम्मेद्वारहरुले दरखास्त पेश नगरेमा मात्र खुल्ला प्रतिस्पर्धा गराइनेछ ।**

**उपरोक्त सूचनाका लागि आवेदन भर्न नेपाली नागरिक भएको तथा प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको हुनुपर्नेछ ।**

**दरखास्त पाउने स्थान:-** नगरपालिकाको शिक्षा शाखा

**न्यून्तम शैक्षिक योग्यता:** शिक्षक सेवा आयोग नियमावली २०५७ मा तोकिएको न्यूनतम योग्यता ।

**उमेरको हद:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**पाठ्यक्रम:** शिक्षक सेवा आयोगले तोके बमोजिम ।

**दरखास्त दिने अन्तिम मिति:** २०८२ श्रावण २१ गते कार्यालय समय सम्म । दरखास्त दिने अन्तिम मितिमा विदा पर्न गएमा भोलि पल्ट आवेदन बुझिनेछ ।

**परीक्षाको मिति र केन्›:** पछि तोकिनेछ ।

**आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु:–**

१. आवेदन फाराम साथ परीक्षार्थीहरुले नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपी थान १ पेश गर्नुपर्नेछ ।
२. एस.एल.सी देखि आफू अध्ययन गरेको कक्षाको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी थान १
३. अध्यापन अनुमतिपत्रको प्रतिलिपी थान १
४. पासपोर्ट साइजको फोटो थान २
५. यस सम्बन्धमा थप केही कुरा बुझ्न परेमा नगरपालिका शिक्षा शाखामा सम्पर्क राख्न सकिनेछ ।

**पदपूर्ति समिति**

**युएईमा रोजगार**

कम्पनी: ALL ROUND LANDSCAPE & GARDENING WORKS & MAINTENANCE L.L.C शहर: SHARJAH
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: २०२४१४३४ L.T. No.: 327617

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HELPER | 180 | 0 | स. काममा दक्ष | 1000 | ३७,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ERAM OVERSEAS PVT. LTD. Govt.Lic.No 1562/079/080
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260, Email: eramoverseas074@gmail.com,
Web: www.eramoverseas.com, Mobile: 9806393863 | 9810383940 | 9823729649

**कतारमा रोजगार**

कम्पनी: ELECTRONICS RECYCLING FACTORY शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/04/07 चलानी नं.: ६०२४१४२९ LT. No.: 327178

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assembler | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६४,३११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 7 | 0 | | 1500 | ५६,७४५ | | | | | | | |
| 3. | Driver/Forklift Operator | 7 | 0 | | 1700 | ६४,३११ | | | | | | | |
| 4. | ELECTRIC TECH | 10 | 0 | | 1200 | ४५,३९६ | | | | | | | |
| 5. | ELECTRONICS TECH | 10 | 0 | | 1500 | ५६,७४५ | | | | | | | |
| 6. | Heavy Vehicle Driver | 8 | 0 | | 1900 | ७१,८७७ | | | | | | | |

साथै यसै कम्पनीको लागि Supervisor, Forklift Operator, Backhoe operator, र Grapple Operator को पनि माग भई आएको हुँदा निशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Diamond Star Overseas Pvt. Ltd. Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. Ph: 01- 4796680, 9809402086, 9706127447, 984-5763207

**कतार र यूएईमा रोजगार**

कम्पनी: LINC FACILITY SERVICES शहर: Doha
पूर्व स्वीकृत मिति: २०८२/04/07 चलानी नं.: ६०२४१४२४ L.T. No.: 327308

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 2050 | ७७,५५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrical technicians | 1 | 0 | | 1950 | ७३,७६८ | | | | | | | |
| 3. | Electronic tech | 2 | 0 | | 1950 | ७३,७६८ | | | | | | | |
| 4. | Labour/janitor | 0 | 20 | | 1000 | ३७,८३० | | | | | | | |
| 5. | Public area attendants / cleaners(f | 95 | 0 | | 1000 | ३७,८३० | | | | | | | |
| 6. | Secretary | 0 | 7 | | 2500 | ९४,५७५ | | | | | | | |
| 7. | Supervisor | 4 | 4 | | 2500 | ९४,५७५ | | | | | | | |

कम्पनी: LAVAJET COMPANY ALAIN शहर: Abu Dhabi
पूर्व स्वीकृत मिति: २०८०/09/03 चलानी नं.: ६०२१३०५६ L.T. No.: 297420 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER | 12 | 0 | स. काममा दक्ष | 1000 | ३७,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालाय काठमाण्डौमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056512368, 9761890793, 9765228663, 056512369, 9769328733, Jhapa Contact 980202898
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**साउदीमा रोजगार**

कम्पनी: Textiles and Ready-Made Garments Co., Ltd शहर: Jeddah
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: ६०२४१४१५ L.T. No.: 327595

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Aayesha Saleh Alqarni Est शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: ६०२४१४१७ L.T. No.: 327594

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Green Olive Branch Village Restaurant Establishment for Catering शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: ६०२४१४२० L.T. No.: 327593

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FOOD & BEVERAGE | 4 | 0 | स. काममा दक्ष | 1200 | ४४,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Major Networks Corporation for Communications and Information Technology शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: ६०२४१४२१ L.T. No.: 327592

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bakers | 2 | 0 | स. काममा दक्ष | 1400 | ५१,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FAZAL INTERNATIONAL PVT. LTD. Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

**साउदीमा रोजगार**

कम्पनी: Basmat for Resturents शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: ६०२४१४२५ LT. No.:327574

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKERS | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Flynn East Coast Trading Est. शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: ६०२४१३५१ LT. No.:327488

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Awadh Essa A Al Saleh शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: ६०२४१३५० LT. No.:327487

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि. श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
Mobile: 9847275969, 9851008664, 9801232406, 9851071822, 9863775437, 9851190207, 9841622802

## सम्पादकीय

# खानेपानी देऊ

प्राकृतिक विपत्तिको सामना जुनसुकै बेला गर्नुपर्ने हुन्छ। अहिले वर्षायामको समय छ। कतै वर्षा धेरै हुँदा नागरिकहरू बाढी–पहिरोको सास्तीमा छन् भने कतै पानी नपर्दा तनाव उत्पन्न भएको छ। पानीको हाहाकारपछि मधेश प्रदेशले सुक्खा क्षेत्र घोषणा गरेको छ। संघीय सरकारले मधेश प्रदेशका ८ वटै जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। ख्याल गर्नुपर्ने विषय यहाँनेर छ कि– विपद् प्रकृतिकै 'उपहार' हो, विपद् छल्दै मानिस बाँच्ने हो। राज्यको आवश्यकता महसुस हुने पनि विपद्कै बेलामा हो। तर सुक्खा क्षेत्रका नागरिकहरू सरकार नभेटिएको भनेर प्रश्न गरिरहेका छन्। एकातिर तराई क्षेत्रमा खानेपानीकै हाहाकार छ भने अर्कोतिर वर्षायाममा समेत पानी नपर्दा सिंचाइको अभावमा कृषकले खेती लगाउन पाएका छैनन्। यसले भविष्यको चिन्ता थपेको छ।

संविधानतः आधारभूत आवश्यकता प्रत्येक नेपाली नागरिकको मौलिक हक हो। गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षालाई मौलिक हकअन्तर्गत राखिएको भएपनि नागरिकहरू विपद्का बेला त्यही हक खोजिरहेका छन्। यस्तोमा सरकारले आफ्नो उपस्थिति देखाउन सक्नुपर्छ। सुक्खा क्षेत्र घोषणा वा विपद् संकटग्रस्त क्षेत्र घोषणा प्राविधिक विषय हो। व्यवहारमा मधेशका नागरिक तत्काल खानेपानी खोजिरहेका छन्। जो राज्यले उपलब्ध गराउन सक्दछ। संघीय राजधानी काठमाडौंसहित देशका मुख्य शहरमा विदेशबाट मिनिरल वाटर आयात हुन्छ। पैसा हुने र पहुँचमा रहनेले विदेशबाट पानी ल्याएर पिउने, तर निमुखा जनताले नेपालकै अर्को भेगमा बगिरहेको पानी पिउनसमेत नपाउने अवस्था तत्काल तोडिनुपर्छ। यदि खानेपानीकै अभावमा कसैले ज्यान गुमाउनुपर्ने अवस्था आयो भने जनआक्रोश त बढ्छ नै, सरकारले पनि क्षति व्यहोर्नुपर्छ।

प्राकृतिक विपद् व्यक्तिका लागि ठूलो समस्याका रूपमा आउँछ। तर राज्यका लागि व्यवस्थित बसोबास गराउने, आफ्ना योजना लागू गर्न नागरिकलाई विश्वासमा लिने अवसरसमेत बन्दछ। प्राकृतिक विपत्तिबाट पाठ सिकेर भविष्यको योजना बनाउने अवसरसमेत मिल्दछ। यसो गर्दा तत्काल नागरिकको विश्वास राज्यले जित्न त सक्छ नै भविष्यका लागि समेत ठूला योजना कार्यान्वयनमा ल्याएर राजयप्रति जनविश्वास दिगो बनाउन सक्दछ। जति जनविश्वास बलियो हुन्छ राज्य त्यति बलियो हुन्छ। यो तथ्य बुझ्न सरकारले ढिला गर्नु हुँदैन। यस निम्ति तराई क्षेत्रका नागरिकले तत्काल खोजेको खानेपानी हो। जो सरकारले तत्काल उपलब्ध गराओस्। ताकि, दुःखमा सरकार छ भन्ने अनुभूत नागरिकले गर्न सकुन्।

# स्थानीय सरकार र शैक्षिक विकासको एजेन्डा

*वर्तमान अवस्थामा स्थानीय तहमा शिक्षाको विकासलाई सुनिश्चित गर्न बालबालिका, शिक्षक, अभिभावक, स्थानीय समुदायको सक्रिय सहभागिताका साथै, स्थानीय सरोकारवाला निकायहरूको सक्रिय सहभागिता र स्थानीय सरकारको उत्तरदायीपूर्ण भूमिका अपरिहार्य हुन्छ। शिक्षामा लगानीविना कुनै पनि स्थानीय तहले आफ्नो शक्ति र सामर्थ्यको विकास गर्न सक्दैनन्...*

अग्रलेख



● विष्णु घर्ती 'भनभनेली'

प्रत्यक्षरूपमा जनतासँग जोडिने भनेको स्थानीय सरकार नै हो। नेपालको संविधानअनुसार स्थानीय सरकार अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई समेत राखिएको छ। त्यसमा पनि जनताका पीर मर्कालाई नजिकबाट चिन्ने र समस्या समाधानमा अग्रस्थानमा आउने सरकार पनि स्थानीय सरकार नै हो। केन्द्रको अधिकार स्थानीय तहमा आइसकेपछि धेरै स्थानीय सरकारहरूले आफ्नो मुहार फेरेका पनि छन्। जनतासँग प्रत्यक्षरूपमा जोडिएर विभिन्न खालका सेवा प्रदान गर्ने सुनौलो अवसरसमेत प्राप्त गरेका छन्।

२०७२ सालमा संविधान जारी भएपछि मुलुक वैधानिकरूपमै संघीयतामा गएको छ। स्थानीय सरकारलाई मजबुत बनाउन संविधानले नै थुप्रै हक अधिकारहरू प्रदान गरेको छ। नेपालको संविधानको विभिन्न धारा तथा उपधाराहरूसँग सम्बन्धित स्थानीय तहको एकल अधिकारको सूचीमा आधारभूत र माध्यमिक शिक्षाको सम्पूर्ण जिम्मा स्थानीय सरकारलाई दिइएको छ। साथै, नेपालको संविधानमा स्थानीय सरकारको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहीत रहने कुरा उल्लेख गरिएको छ। सोहीअनुसार संघ र प्रदेशसँग नबाझिने गरी हरेक गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले संघीय र प्रदेश कानुनको अधीनमा रही विभिन्न ऐन, नियमहरू बनाई आफ्ना कार्यहरू अगाडि बढाइरहेको पाइन्छ। त्यसैगरी, नेपालको संविधानमा मौलिक हकअन्तर्गत शिक्षासम्बन्धी हकमा 'प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ' भनिएको छ। त्यसैले हालको परिस्थितिमा स्थानीय सरकार हरेक विद्यार्थीको घर आँगनमा पुगी शिक्षामा पहुँचको हक दिलाउनु जरुरी छ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (ञ) ले संविधानबाट प्रदान गरिएका शिक्षा सम्बन्धी आधारभूत तथा माध्यमिक तहसम्मको हक सुनिश्चित गर्न २३ वटा अधिकार स्थानीय तहको सरकारलाई दिएको छ। उक्त अधिकारअन्तर्गत विद्यालयको भौतिक पूर्वाधारको व्यवस्था, आर्थिक, सामाजिक र भौतिक व्यवस्थापन, गुणस्तरीय शिक्षा, विद्यालयको मानव स्रोतको व्यवस्था र व्यवस्थापन, शिक्षकहरूको तालिम, विद्यालयसित सम्बन्धित सम्पत्तिको सुरक्षा, संरक्षण र व्यवस्थापन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा व्यवस्थापन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जूमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमनलगायतका विषयहरू रहेका छन्। शिक्षाको अधिकार सुनिश्चित गरी स्थानीय सरकारको विकास र समृद्धिलाई सुनिश्चित गर्न उपलब्ध स्रोत, साधन, भौतिक पूर्वाधार, आर्थिक, सामाजिक विकास आदिलाई मध्यनजर गरी विद्यालयलाई समुदाय विकासको केन्द्रमा राखेर शिक्षा र समृद्धिको स्पष्ट खाका कोर्न हरेक स्थानीय सरकार निरन्तररूपमा लागिरहनु पर्ने अवस्था छ।

वर्तमान अवस्थामा स्थानीय तहमा शिक्षाको विकासलाई सुनिश्चित गर्न बालबालिका, शिक्षक, अभिभावक, स्थानीय समुदायको सक्रिय सहभागिताका साथै, स्थानीय सरोकारवाला निकायहरूको सक्रिय सहभागिता र स्थानीय सरकारको उत्तरदायीपूर्ण भूमिका अपरिहार्य हुन्छ। शिक्षामा लगानीविना कुनै पनि स्थानीय तहले आफ्नो शक्ति र सामर्थ्यको विकास गर्न सक्दैनन्। सामर्थ्यविना समृद्धिको सपना पनि साकार पार्न कठिन हुन्छ। शिक्षण सिकाइलाई सबैको पहुँचमा पुऱ्याई उत्कृष्ट र अर्थपूर्ण बनाउन सकिन्छ। यस सम्बन्धमा स्थानीय सरकारले आफ्नो प्रतिबद्धता, जिम्मेवारी र दायित्व कसरी लिन खोजेको छ भन्ने विषयको अभिव्यक्ति उसले बनाउने ऐन, नियम, कार्यक्रम, निर्देशिका, स्रोत परिचालनबाट अभिव्यक्त हुन्छ। स्थानीय सरकारले आजको परिस्थितिमा शिक्षाको विकासका लागि आफ्नो क्षेत्राधिकारभित्र रहेको स्थानीय तहमा विद्यमान विद्यालय र यसको अवस्था पहिचान गरी वैकल्पिक सिकाई सम्बन्धी स्रोत तथा साधनमा पहुँचको अवस्थाको आधारमा विद्यार्थीको पहिचान गरी विभिन्न समूहमा वर्गीकरण गरी हालको उनीहरूको शैक्षिक अवस्थाको पहिचान गर्नुपर्ने देखिन्छ। पहिचान गरिएका विद्यार्थी समूहको बृहत् अध्ययन गरी शिक्षाको पहुँच




विस्तारका लागि स्पष्ट रणनीति तयार गर्ने र आफूले तयार गरेका नीति तथा कार्ययोजनाहरूलाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाउँदै जानुपर्ने हुन्छ।

स्थानीय समुदायको आवश्यकताको आधारमा सिकाइका विभिन्न माध्यमहरूको पहिचान गरी तिनीहरूलाई व्यापक परिचालन गर्ने र शिक्षालाई व्यावहारिक, जीवनोपयोगी र संस्कारयूक्त बनाउन सामुदायस्तरमा विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने–गराउने काम गरिनु पर्दछ। शिक्षक विद्यार्थीहरूलाई प्रविधिसँग जोड्नका लागि विभिन्न समसामयिक तालिमहरू प्रदान गर्ने तथा अभिभावकहरूलाई सबैभन्दा बढी जिम्मेवार बनाउने अभियान ल्याउनु पर्ने हुन्छ। नेपालको संविधान र ऐनको उद्देश्यलाई सम्बोधन गर्नका निमित्त आवधिक योजना र अनुगमन संरचनाहरू तयार गर्ने र सँगसँगै स्रोतको जोहो स्थानीय तहबाट कसरी गर्न सकिन्छ भन्ने विषयमा सजग भई स्रोत परिचालनको स्पष्ट रणनीतिक योजना तयार गर्ने र स्रोत परिचालन गर्नेजस्ता कार्यलाई प्राथमिकता दिनु पर्दछ।

कतिपय अवस्थामा शिक्षकहरू संघीय सरकारअन्तर्गत रहेको र स्थानीय तहले उनीहरूको सरुवा, बढुवालगायतमा अनावश्यक हस्तक्षेप गर्न नहुने भन्ने राय पनि सुनिँदै आएको छ। संविधानको अनुसूची ९ को अधिकारको सम्बन्धमा पनि प्रस्ट व्याख्या अझैसम्म नगरिनु पनि यस्ता समस्या उब्जाउने मुख्य कारण बनेको छ। राज्यले शिक्षामा गर्ने गरेको लगानी निकै थोरै भएको र कम्तीमा २० प्रतिशत पुऱ्याउनु पर्ने भन्ने आवाज सुनिन्छ। सो प्रतिशतको पनि धेरैजसो भाग शिक्षा क्षेत्रको विकास भन्दा पनि शिक्षक कर्मचारीको तलब, भत्तामै खर्च हुन्छ। यसरी राज्यले प्रदान गर्ने आर्थिक स्रोत अपुग हुँदाहुँदै पनि स्थानीय तहले आफ्नो केही आम्दानी र संघीय बजेट जोडेर शिक्षामा लगानी गर्ने सम्भावना र अवसर भने रहन्छ। कतिपय पालिकाले उक्त उपाय लागू गरी शिक्षामा परिवर्तन गर्न सुरुवात गरेको देखिन्छ।

स्थानीय तहले गर्ने अपरिपक्व निर्णय, राजनीतिक दाउपेच, शिक्षकहरूप्रति हेयको दृष्टि र सुधारको नाममा गरिने भ्रष्टाचार आदि कारणले पनि शिक्षामा लगानी बालुवामा पानी हाले सरह भएको छ। वास्तवमै बजेटको कमी भएतापनि उपलब्ध स्रोतको समुचित प्रयोग गर्न सके निश्चय नै शिक्षामा कायापलट हुनेछ। स्थानीय तहले बनाउन पाउने कानुनमा विशेषतः व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकको नियूक्तिजस्ता विषयमा आफू अनुकूल बनाएर लागू गर्ने गरेको पाइन्छ। अधिकारको औचित्य त्यसको समुचित उपयोगमा निर्भर रहन्छ। केन्द्रीकृत शासन व्यवस्थामा केन्द्र सरकारको आँखा विद्यालयसम्म पुग्न सकेन, तर अहिले भने विद्यालयहरूको वरिपरि स्थानीय सरकार छ। अधिकार प्राप्त गर्नु आफैमा ठूलो कुरा होइन, तर यसको उचित र सान्दर्भिक कार्यान्वयन गर्नु अति नै महत्वपूर्ण हुन्छ। निजी स्वार्थका लागि अधिकार दुरुपयोग गर्नु समस्त प्रणालीलाई नै घातक हुन सक्छ।

शिक्षकहरूलाई परिचालनका लागि प्रोत्साहन पनि निकै जरुरी हुन्छ। यस परिस्थितिमा शिक्षण सिकाइलाई कसरी अगाडि बढाउने, शिक्षकहरूलाई कसरी प्रोत्साहित गर्ने, विद्यार्थी समूह पहिचान गरी उनीहरूलाई प्रविधिको पहुँचमा कसरी ल्याउने, प्रविधिको पहुँच नभएका बालबालिकासम्म कसरी पुग्ने, सिकाई सहजीकरणका लागि सरोकारवाला निकायको भूमिका के हुने आदि जस्ता महत्वपूर्ण सवालहरूमा एउटा स्पष्ट खाका तयार गरी अगाडि बढ्नु नै हालको उत्तम विकल्प हुने देखिन्छ।

पहिले जिल्लाबाट हुने गरेका धेरैजसो कामकाजहरू अहिले पालिकाबाटै हुने गरेका छन्। संघीय संरचनामा स्थानीय तह हाबी हुनु केही हदसम्म स्वाभाविक मान्न सकिन्छ। यो अवस्थामा विद्यालयमा स्थानीय तहका जनप्रतिनिधिको प्रत्यक्ष संलग्नता र चासो रहने गरेको हुन्छ। यो राम्रो पक्ष हुँदाहुँदै पनि प्राप्त अधिकार र निकटताको दुरुपयोग गरी शिक्षामा काखा र पाखा गरेको र अस्तव्यस्त गराएको घटनाहरू पनि छरपस्टै देखिन्छन्। शिक्षा ऐनमा विद्यालय व्यवस्थापन समितिमा सम्बन्धित वडाको वडाध्यक्ष सदस्यको रूपमा रहने व्यवस्थाले शिक्षामा स्थानीय जनप्रतिनिधिको सोझो संलग्नताका लागि अभिप्रेरित गरेको छ। तर, कतिपय ठाउँमा भने वडाध्यक्ष नै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहिआएको देखिन्छ। इच्छाशक्ति भएमा स्थानीय तहहरूले शिक्षामा देखिएका बेथितिलाई हटाउन र जनतालाई गुणस्तरीय शिक्षा प्रदान गर्न अथक प्रयास गर्न सक्छन् तर त्यस्ता सुखद खबर भने निकै कम मात्रामा सुनिन्छन्। बरु कतिपय सामाजिक सञ्जाल र पत्रपत्रिकामा स्थानीय तहले मनपरी निर्णय गर्ने गरेका सूचना र समाचार प्राप्त हुने गरेका छन्।

हालको अवस्थामा स्थानीय सरकारलाई जति अधिकार र अवसर दिइएको छ, त्यति नै जवाफदेही बन्नुपर्ने चूनौती पनि भएको पाइन्छ। कतै–कतै स्थानीय तहको अधिकार संकुचन गर्ने अथवा कटौती गर्नुपर्ने भन्ने आवाज पनि सुनिन्छन्। यसमा संघीय र प्रादेशिक सरकारले आवश्यक कानुन समयमै निर्माण गरेर स्थानीय सरकारलाई सहयोग गर्नु पर्दछ। शिक्षा क्षेत्र सुधारको विषयमा स्थानीय सरकार अझै संवेदनशील हुन आवश्यक छ।

## इतिहासमा आज

२४ जुलाई १९९९ मा फिजीको नादी जाँदै गर्दा एयर फिजीको उडान १२१ दुर्घटनाग्रस्त भएको थियो। जसमा सवार सबै १७ जनाको मृत्यु भएको थियो।



२४ जुलाई २०१२ मा सिरियाली गृहयुद्धको बीच विद्रोही समूह वाइपिजीले गिर्के लेगे शहर कब्जा गरेको थियो। जसपश्चात क्रमशः अन्य सहरहरूमा पनि कब्जाको अभियान चलाएको थियो।



२४ जुलाई २०१९ मा भएको संसदीय निर्वाचनमा जेरेमी हन्टलाई हराउँ दै बोरिस जोनसन बेलायतको प्रधानमन्त्रीमा नियुक्त भएका थिए।



२४ जुलाई १९८७ मा ९१ वर्षको उमेरमा हुल्डा क्रुक्सले माउन्ट फुजी चढेकी थिइन्। क्रुक्स जापानको सर्वोच्च शिखर चढ्ने सबैभन्दा वृद्ध व्यक्ति हुन्।



## सामाजिक सञ्जाल



रञ्जित तामाङ

कुलिङ पिरियडको विरोध गर्दै प्रतिनिधि सभामा एमाले यति धेरै करायो कि, सांसदहरूको स्वर भस्मे डनको जस्तै भासिने अवस्थामा पुगेको थियो। तर, राष्ट्रिय सभामा त्यही एमालेका सांसदहरूले कुलिङ पिरियड राख्न संशोधन हालेछन्। यत्तिको थेत्तरो पारा त 'प्रतिगमन आधा सच्चिएको' बेला पनि थिएन है!

विद्यादेवी भण्डारीलाई पार्टीभित्र राजनीतिकरूपले सन्तुलित मिलाउन सकेनन् भने आउँदा दिन खड्गप्रसाद ओलीका राम्रा देखिँदैनन्। निर्वाचनमै धेरै ठाउँ पछारिन्छन्। यो पार्टी, सोझै दुई गुट देखिने छ। अन्तर्घात अवश्यम्भावी किनकि राजनीति, जातजाति, धर्म र नागरिक विखण्डित छ।



विनोद न्यौपाने



विकास सिवा

राष्ट्रपति भइसकेको व्यक्तिबाट सक्रिय राजनीतिमा फर्कने आकांक्षा राख्नु ऊचित हैन। राज्यले प्रदान गर्ने सेवा सुविधा परित्याग गर्नू मात्र ठूलो कुरा हैन, आफ्नो कार्यकालमा कति जनहितमा काम गरियो भन्ने कुरा महत्वपूर्ण हुन्छ। यो परिक्षा आफ्नै गृह जिल्लामा वडा अध्यक्ष जितेर देखाए पुग्छ।

अर्थतन्त्र तन्नम हुँदै गर्दा अर्बौंको नाफा कमाउने बैंकको गतिविधि स्वाभाविक र दिगो थिएन र छैन। चुस्त/दुरुस्त नियमन र सुपरिवेक्षणको अभावमा तत्कालको या कागजी नाफा कमाउन गाह्रो हुँदैन, तर दीर्घकालमा टिक्न पनि सहज हुँदैन।



सूर्यराज आचार्य

# सहरमा प्रदूषणको चिन्ता

विचार



● खगेन्द्र पौडेल

*हरेक वर्ष सहरमा जनसंख्या, सवारीसाधन, उद्योगधन्दा र भवन निर्माणको चाप बढ्दै जाँदा प्रदूषणको मात्रा झनै भयावह बन्ने क्रम रोकिएको छैन। यथार्थमा भन्ने हो भने, सहरको जीवनशैली सहज मात्र छैन, अब खतरासँग पनि गाँसिएको छ...*

सहरीकरणको तीव्र गतिले मानव जीवनमा सहजता ल्याएको भए पनि यससँगै अनेकौं समस्याहरू पनि थपिएका छन्। तीमध्ये एक प्रमुख समस्या हो– प्रदूषण। वायु, ध्वनि, पानी, माटोलगायतका प्रदूषणका कारण सहरमा बसोबास गर्ने मानिसहरूको स्वास्थ्य, जीवनशैली र समग्र वातावरणमा गम्भीर असर देखिन थालेको छ। हरेक वर्ष सहरमा जनसंख्या, सवारीसाधन, उद्योगधन्दा र भवन निर्माणको चाप बढ्दै जाँदा प्रदूषणको मात्रा झनै भयावह बन्ने क्रम रोकिएको छैन। यथार्थमा भन्ने हो भने, सहरको जीवनशैली सहज मात्र छैन, अब खतरासँग पनि गाँसिएको छ।

वातावरणीय प्रदूषणको सर्वाधिक प्रभाव सहरको वायुमण्डलमा देखिन्छ। सवारीसाधन, निर्माण सामाग्रीको धुलो, फोहोरमैला र कारखानाबाट निस्कने धुवाँले सहरको हावा निरन्तर दूषित बनाइरहेको छ। अझ खुला क्षेत्रमा हरियाली अभाव हुनु र सडक किनारमा धूलो उड्ने अवस्थाले वायु गुणस्तर दिनप्रतिदिन खराब बनाइरहेको छ। काठमाडौं उपत्यका लगायतका प्रमुख सहरहरूमा वायुको गुणस्तर कतिपय दिनहरूमा जीवनका लागि नै घातक हुने तहमा पुग्छ। बच्चा, वृद्ध र दीर्घ रोगीहरू यस्ता अवस्थामा विशेष जोखिममा पर्छन्।

सहरी प्रदूषणको अर्को रूप हो– ध्वनि प्रदूषण। ट्राफिकको होहल्ला, निर्माण कार्यको आवाज, विभिन्न कार्यक्रमहरूमा हुने अनावश्यक लाउडस्पिकरको प्रयोगले गर्दा सहरका बासिन्दा मानसिक तनाव, निद्राको समस्या, रक्तचाप र सुन्ने क्षमतामा ह्रास जस्ता असर भोगिरहेका छन्। सामान्यतया हामी आवाजलाई सामान्य ठान्ने गर्छौं, तर जब यही आवाज दैनिक जीवनमा बाधक बन्छ, तब यसले हाम्रो मानसिक सन्तुलन र स्वास्थ्यमा गम्भीर असर पार्दछ।

पानी प्रदूषण पनि सहरमा चिन्ताको विषय बनेको छ। उपयूक्त ढल व्यवस्थापनको अभाव, नाला नदी र खोला बगरहरूमा सिधै फोहोर फाल्ने प्रवृत्ति, औद्योगिक फोहोर व्यवस्थापनमा लापरबाही र रासायनिक पदार्थ मिसिएको पानी खोलामा मिसिने जस्ता कारणहरूले खानेपानीका स्रोतहरू पनि प्रदूषित बन्दै गएका छन्। यस्तो प्रदूषित पानीका कारण पानीजन्य रोगहरू जस्तै- झाडापखाला, टाइफाइड, हैजा आदि फैलने सम्भावना बढ्दो छ। विशेषगरी गरिब र झुपडी बस्तीहरूमा बसोबास गर्ने जनसंख्या प्रदूषित पानीको प्रत्यक्ष सिकार भइरहेका छन्। माटो प्रदूषण पनि सहरमा कम खतरनाक छैन। प्लास्टिकजन्य फोहोर, घरायसी र औद्योगिक फोहोर जमिनमा फाल्दा माटोको उर्वरता घट्छ, रसायनको अत्याधिक प्रयोगले भूमिगत पानी प्रदूषित हुन्छ। सहरका खुला जमिनहरू बिस्तारै फोहोर थुपार्ने स्थानमा परिणत हुँदा न त त्यहाँ खेती गर्न सकिन्छ, न त पार्क जस्ता सार्वजनिक संरचना बनाउने सम्भावना रहन्छ। यसले सहरलाई अझ निरस र अस्वस्थ बनाइरहेको छ।

प्रदूषणको यो चक्रले मानवीय स्वास्थ्यमा मात्र नभई समग्र प्रकृति र जलवायुमा असर पारिरहेको छ। सहरको तापक्रम बर्षेनी बढ्दै जानु, वर्षा चक्रमा गडबडी, असमयमा बाढी र खडेरीजस्ता समस्याहरू पनि प्रदूषणकै परिणाम हुन्। थपमा, अत्यधिक कार्बन उत्सर्जनले जलवायु परिवर्तनलाई तीव्र पारिरहेको छ, जसको असर विश्वव्यापीरूपमै देखिन थालेको छ। सहरमा बढ्दो प्रदूषणले मानवीय जीवन झन् जटिल बनाइरहेको छ भने अर्कोतर्फ भावी पुस्ताको अस्तित्वसमेत संकटमा पारिरहेको छ।

यस समस्याको समाधान सम्भव छ, तर त्यसका लागि सरकार, जनसाधारण र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य छ। सार्वजनिक सवारीको प्रवर्द्धन, विद्युत्तीय सवारीको प्रयोग, हरियाली विस्तार, प्रभावकारी फोहोर व्यवस्थापन, वातावरणमैत्री भवन निर्माण, जनचेतना अभिवृद्धि लगायतका उपायहरू अवलम्बन गर्नुपर्छ। विशेषगरी सहरमा योजना बिना हुने सहरी विकास रोक्न जरुरी छ। स्थानीय सरकारहरूलाई वातावरणीय दृष्टिकोणलाई प्राथमिकतामा राखेर नीति बनाउन र कार्यान्वयन गर्न प्रेरित गरिनुपर्छ।

जनस्तरमा पनि वातावरणप्रति जिम्मेवार बन्ने बेला आएको छ। सवारी प्रयोगमा विवेक अपनाउने, फोहोर व्यवस्थापनमा सचेत हुने, प्लास्टिकको प्रयोग घटाउने र घरमा र छरछिमेकमा हरियाली विस्तार गर्ने जस्ता साना प्रयासहरूले ठूलो परिवर्तन ल्याउन सक्छन्। बालबालिकामा सुरुदेखि नै वातावरणप्रेमी चेतना विकास गरिनुपर्छ, ताकि उनीहरूले भविष्यमा प्रदूषण कम गर्न अग्रसर भूमिका खेल्न सकुन्। सहरमा प्रदूषणको चिन्ता अब विकल्पको विषय होइन, अनिवार्य हस्तक्षेपको माग हो। हामी अहिले पनि सचेत नभए, प्रदूषणको यो भयावहता हाम्रो जीवनको आधारभूत अधिकार स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारबाट समेत वञ्चित गराउन सक्छ। सहर केवल भौतिक संरचनाको थुप्रो भएर मात्रै समृद्ध हुँदैन; स्वच्छ, सुरक्षित र जीवनमैत्री वातावरणले मात्र सहरलाई साँच्चिकै समुन्नत बनाउँछ। त्यसैले प्रदूषण नियन्त्रण अब हरेक नागरिकको सरोकार बन्नै पर्छ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ। – सं.

# प्यूठान सडकको वित्तीय प्रगति
# ७४ प्रतिशत, ५.५ किलोमिटर कालोपत्रे सम्पन्न

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, ७ साउन

सडक डिभिजन कार्यालय प्यूठानले गत आर्थिक वर्ष २०८१/०८२ मा ७४ प्रतिशत वित्तीय प्रगति हाँसिल गर्दै ५.५ किलोमिटर पहाडी क्षेत्रमा कालोपत्रे सम्पन्न गरेको छ। सडक डिभिजनले साना खाल्डाखुल्डी पुर्‍याउनेदेखि लिएर ठूला सडकहरूमा बाढीपहिरोबाट हुने क्षति न्यूनीकरण गर्नेसम्मका कार्यहरू गर्दै आएको छ। डिभिजन प्रमुख बिसुनदास लामाका अनुसार बर्षाको समयमा सडक सञ्चालनमा राख्न निकै चूनौती भएपनि कार्यालयले निरन्तर प्रयास गरिरहेको छ। प्यूठान र रोल्पाका विभिन्न स्थानमा पर्ने सडक खण्डहरूमा पुराना मर्मत कार्यसँगै नयाँ ठेक्काहरूसमेत दिइएको छ। सामान्य सडकहरूमा समेत खाल्डाखुल्डी पुर्ने काम भइरहेका छन्। यद्यपि, सरकारले काम द्रुतगतिमा गर्न निर्देशन दिएपनि आवश्यक बजेट नपुग्दा पहाडी जिल्लाका सडकमा कार्यान्वयनमा समस्या आएको ईन्जिनियरहरूले बताएका छन्।



डिभिजनका कर्मचारीहरूका अनुसार, बर्षाभर पहिरोका कारण अवरुद्ध हुने सडकहरू खुला राख्न निकै चूनौतीपूर्ण बनेको छ। यात्रुहरूलाई अनावश्यक सास्ती हुन नदिने र साना सवारीसाधनलाई सहजरूपमा सञ्चालन गर्न सक्ने बनाउने उद्देश्यले सडक मर्मत तथा सुधारको काम लगातार भइरहेको प्रमुख लामाको भनाइ छ।

डिभिजन प्रमुख लामाका अनुसार कार्यालय मातहातको महत्वपूर्ण भालुवाङ्-गनाहा-चकचके सडकमा हाल तीव्र गतिमा काम भइरहेको छ। करिब ७ करोड रुपैयाँको लागतमा ठेक्का सम्झौता भइ नाली तथा अन्य संरचनात्मक निर्माण कार्य तीव्र गतिमा अघि बढाइएको छ। त्यस्तै, प्रमुख बजार क्षेत्र भीँग्री र जसपुर बजारको सडक विस्तार कार्यपनि सुरु भई भीँग्री बजारलाई कालोपत्रे गरेर चिटिक्क बनाउने काम भइरहेको छ। यसबाट त्यहाँका नागरिकहरू प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ।

डिभिजन प्रमुख बनेर लामा प्युठान आएपछि एक वर्ष नपुग्दै कार्यालयको प्रशासन सुधार, नियमित अनुगमन, प्रभावकारी जनशक्ति परिचालन र गुणस्तरप्रति विशेष ध्यान दिइएको छ। नियमित मर्मत, आकस्मिक मर्मत तथा सम्भारको कामपनि निरन्तर जारी रहेको बताइएको छ।

सडक तथा ट्राफिक सुरक्षाअन्तर्गत चकचके-लिवाङ्ग खण्डमा करिब ११०३ मिटर 'ब्यारियर' जडान गरिएको जानकारी प्रमुख लामाले दिएका छन्। भालुवाङ्ग-गनाहा-चकचके सडकअन्तर्गत गर्जेनी भीर र जमुने भीरको पहिरो नियन्त्रणको काम तीव्र गतिमा भइरहेको र यो चालू आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य रहेको उनले बताएका छन्।

वैकल्पिक सहायक राजमार्ग अन्तर्गत रोल्पा र प्युठानमा विनियोजित करिब २८ करोड बजेटमध्ये हालसम्म ८४ प्रतिशत काम सम्पन्न भइसकेको र अब १६ प्रतिशत काम बाँकी रहेको डिभिजन कार्यालयले जनाएको छ।

# भीमसेनको ८औं स्थापना दिवस भव्यरूपमा मनाइने



ललितपुर/मस–ललितपुरको सुनाकोठी क्षेत्रको समग्र विकास र यस क्षेत्रलाई सांस्कृतिक, धार्मिक तथा पर्यटकीय केन्द्रकोरूपमा विश्वसामु चिनाउन उद्देश्यसहित आगामी भदौ १ गते आइतबार भीमसेनको आठौं स्थापना दिवस तथा 'भिं यो पूजा' भव्यरूपमा मनाइने भएको छ।

सुनाकोठी समाजद्वारा प्रत्येक वर्ष आयोजना गरिदै आएको यो कार्यक्रमलाई यसपटक पनि विशेष उत्सवकोरूपमा मनाउने तयारी अन्तिम चरणमा पुगेको आयोजक समितिका सदस्य तथा गायक रुपेश डंगोलले जानकारी दिए।

उनका अनुसार यस अवसरमा विविध सांस्कृतिक कार्यक्रम, भिं यो पूजा तथा समुदायजनको सहभागिता रहनेछ। सुनाकोठी समाजका विनोद डंगोलले भीमसेन जात्रालाई भविष्यमा पनि निरन्तरता दिइने जनाए। उनका अनुसार मच्छेगाउँको एउटा खोंचबाट ल्याइएको करिब ६० टनको सिंगो ढुंगाबाट अत्यन्त मेहनतका साथ भीमसेनको मूर्ति निर्माण गरिएको हो। यो मूर्ति सम्भवतः विश्वकै सबैभन्दा अग्लो आराध्यदेवकोरूपमा स्थापित छ।

स्थानीय बासिन्दाको सक्रिय सहभागिता र समर्पणले सुनाकोठी क्षेत्रमा धार्मिक जागरणको नयाँ अध्याय सुरु भएको आयोजकको भनाइ छ। यस प्रकारका कार्यक्रमले ललितपुर क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन सहयोग पुग्ने आयोजकहरूको विश्वास छ।


## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री यति टेक्निकल एजुकेशन एण्ड मल्टिपल कलेज गोरखा न.पा.-१० लक्ष्मीबजार, गोरखाको नाममा सम्बन्धन प्राप्त प्रि-डिप्लोमा तथा छोटो अवधिका तालीम कार्यक्रमहरु नामसारी (स्वामित्व हस्तान्तरण) एवं ठाउँसारी गरी सञ्चालन गर्न माग भएकोले उक्त संस्था र स्वीकृत तालीम कार्यक्रम प्रति ३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना !**

दोस्रो पटक प्रकाशित मिति २०८२/०४/०८ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयको विभिन्न मितिको निर्णयानुसार प्रि-डिप्लोमा तहको VJTA, PJTA, Basic Survey/Electrical Suboverseer र छोटो अवधिका क्रमशः Poultry Farm Worker-390 hrs, Goat Keeper-390 hrs, Nursery & Garden Assistant-390 hrs, Off Season Vegetable Producer-390 hrs, Mushroom Producer-390 hrs, Early Childhood Montessori Facilitator-390 hrs/Assistant Beautician-390 hrs का तालीम कार्यक्रमको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री यति टेक्निकल एजुकेशन एण्ड मल्टिपल कलेज गोरखा न.पा.-१० लक्ष्मीबजार, गोरखाले उल्लेखित तालीम कार्यक्रमहरु नामसारी (स्वामित्व हस्तान्तरण) र ठाउँसारी गरी हरिहन न.पा. वडा नं. ११, सर्लाहीमा कार्यक्रम सञ्चालन गर्न पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/०३/३० गतेको निर्णयानुसार (नामसारी स्वामित्व हस्तान्तरण) एवं ठाउँसारी सहमति, स्वीकृति प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति तालीम कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए सो सूचना अन्तिम पटक पत्रिकामा प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण लिखित जानकारी गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी प्रक्रिया पूरा गरी नामसारी (स्वामित्व हस्तान्तरण), ठाउँसारी गरी कार्यक्रम सञ्चालन प्रकृया हुने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने ब्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर। फोन नं. ०१-६६३०४०८



## कुवेतमा रोजगार
कम्पनी : COMBINED GROUP CONTRACTING COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३२४ — LT. No.: 327266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Leadman/charghand | 25 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६३२२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Safety Officer | 10 | 0 | | 380 | १७१६०० | | | | | | | |
| 3. | Scaffolder | 100 | 0 | | 110 | ४९६७३ | | | | | | | |
| 4. | Scaffolding Supervisor | 10 | 0 | | 210 | ९४८३१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com



## मलेसियामा रोजगार
कम्पनी : GOLDFORM CORPORATION SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/०५/०७ — चलानी नं.: ६०२४१३१७ — LT. No.:327358

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture/Farm Workers | 60 | 0 | स. काममा दक्ष | 1700 | ५५,४०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।



**काबेली ह्युमन रिसोर्स प्रा. लि.**
Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं, नेपाल, फोन: ४११३६०७,९८०१०७७१५२ फ्याक्स: ४११३६०७

## युएईमा रोजगार
कम्पनी: ARABESQUE INNOVATION DECORATION DESIGN L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/२५ — चलानी नं.: ६०२२९५२८ — LT. No.: 315189 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 2 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 3. | Concrete Masons | 3 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 4. | Plumber | 3 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 5. | Stone Mason | 1 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

**PREMIUM HUMAN RESOURCE**
श्रम इजाजत नं. १६३१/०८०/०८१
Samakhusi -03, Kathmandu, Nepal, Tel No: 01-5917815, 5917814
Mobile : 9801080183, 9801029663, 9801080059, 9801021737, 9801029662, 9801044492
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## युएईमा रोजगार
कम्पनी : International Construction Contracting -LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३३६ — L.T. No.: 327495

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Building Painter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Assistant | 10 | 0 | | 1200 | ४५०४८ | | | | | | | |
| 3. | Plumber | 30 | 0 | | 1200 | ४५०४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

**EAST WEST PLACEMENT CENTER, INC PVT. LTD.**
श्रम इजाजत नं. ४३७/०६०/६१
Neelsaraswotisthan, Lazimpat, Kathmandu, Ph. No.: 014540514. Mobile No: 9841624941

## यूएईमा रोजगार
कम्पनी: AL HASHEM MARBLE SOLE PROPRIETORSHIP LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३६६ — LT. No.: : 327505

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 20 | 0 | स. काममा दक्ष | 1100 | ४१,२९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.**
Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

## मलेसियामा रोजगार
कम्पनी: VI SECURITY SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८१/१२/३१ — चलानी नं.: ६०२३६०७५ — LT. No.:321926 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 12 | 0 | स. काममा दक्ष | 1700 | ५५,४०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

**सदिक्षा ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६
सामाखुसी टाउन प्लानिङ (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल, फ्याक्स : ४३८६५२५, फोन नं: 014980181, 4988200 4986525
9801130592/9860926821/9851332385, Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np

## Kuwait मा रोजगार
कम्पनी: UZBEK BUKHARI RESAURANT COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.:६०२४१३६१ — LT. No.: 327514

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef (Asst. Cook) | 8 | 0 | स. काममा दक्ष | 180 | ८१,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

**H.R. International Employment Services Pvt. Ltd.**
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336. Mob :-98080180842, 98231022213, 9819009342, 98149340465, 9808750742.
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

## युएईमा रोजगार
कम्पनी : AL MADINA AGENCIES AND SERVICES — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३४१ — L.T. No.: 327513

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Registered Nurse | 0 | 15 | स. काममा दक्ष | 6200 | २३२,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

**RHYTHM OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4578824, 4578825, 9804766695
9766461836 | 9861734468 Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

## कुवेतमा रोजगार
कम्पनी: GLOWY SPA LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१४०५ — LT. No.: 327269

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६७७३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 3 | | 150 | ६७७३७ | | | | | | | |

कम्पनी: D&F LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१४०४ — LT. No.:327268

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६७७३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/Pedicure | 0 | 2 | | 150 | ६७७३७ | | | | | | | |

कम्पनी: HOUSE OF HAIR LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१४३७ — LT. No.:327633

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६७७३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 3 | | 150 | ६७७३७ | | | | | | | |

कम्पनी: LIFT LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१४३६ — LT. No.:327634

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 6 | सम्बन्धित काममा दक्ष | 150 | ६७७३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 6 | | 150 | ६७७३७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451 | 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## ओमन र युएईमा रोजगार
कम्पनी: MUSCAT UNITED SUMMITS LLC — शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३४६ — LT. No.: 327198

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffe Maker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Juice Makers | 1 | 0 | | 150 | ५३,७२५ | | | | | | | |
| 3. | Waiter Coffe Shop | 0 | 1 | | 140 | ५०,१४३ | | | | | | | |

कम्पनी: MOHAMMED HAMED UNITED PROJECTS SPC — शहर : OMAN,MUSCAT
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३४७ — LT. No.: 327195

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook General | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Coffee Maker | 5 | 0 | | 150 | ५३,७२५ | | | | | | | |

कम्पनी: AL MOHWAR ALASGER FOR CONSTRUCTION — शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३४९ — LT. No.: 327197

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter Coffe Shop | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ५३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Arabic Coffe Maker | 2 | 0 | | 170 | ६०,८८८ | | | | | | | |

कम्पनी: AL NASSER TOWERS FOR TRADE RECOMMENDATION — शहर : OMAN
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३४८ — LT. No.: 327196

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Apparaiser-Assessor | 1 | 0 | स. काममा दक्ष | 300 | १०७,४५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MOHD. IBRAHIM HAJI BLDG MAT. TR. STORES L.L.C — शहर : UAE,SHARJAH
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३४५ — LT. No.: 327498

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Material Seller | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1375 | ५१,६१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Glass Cutter Operator | 2 | 0 | | 1000 | ३७,५४० | | | | | | | |
| 3. | Light Vehical Driver | 1 | 0 | | 1500 | ५६,३१० | | | | | | | |
| 4. | Sales Officer | 4 | 0 | | 1375 | ५१,६१७ | | | | | | | |
| 5. | Stevedores | 4 | 0 | | 1000 | ३७,५४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता इटहरीमा २०८२ साउन १६ गते (1 August 2025) मा हुनेछ ।**

**K.S.B. INTERNATIONAL PVT. LTD.**
Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01- 4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025-590813, 9842291471

## जापानमा रोजगार
कम्पनिको नाम: Cooperative Neutral Plan, Okayama Prefecture, Japan
पूर्व स्विकृती मिति : 2025/07/10, लट नं.: 326774, चलानी नं.: 60240904

| SN | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब NRS | न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Formwork Assembly & Dismantling | 3 | 0 | 179715 | 170031 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

## ओमनमा रोजगार
कम्पनिको नाम: Al Anjaz Al-Fakhar Trad., Oman
पूर्व स्विकृती मिति : 2025/07/23, लट नं.: 327287, चलानी नं.: 60241368

| SN | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OMR | मासिक तलब NRS | न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chambermaid | 2 | 0 | 120 | 42271 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रवर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | निःशुल्क | निःशुल्क | कामदार आफै | निःशुल्क |

**जापान र ओमनको अन्तर्वार्ता मिति २०८२ श्रावण १५ गते यस प्रा. लि. मा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Good Life International Employment Agency Nepal Pvt. Ltd.**
LIC NO.: 17/047/048
Kathmandu-32, Koteshwor, Nepal, Tel. No.: 01-5100669, Mob: 9801092503
9816909265, 9808811102, 9851056076, E-mail: info.goodlifenepal@gmail.com

## साइप्रसमा रोजगार
कम्पनी: MALAMJABA CLEANING AND HOSPITALITY — शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३६७ — LT. No.: 327536

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3600 | १३६१८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner (Hospital-indoor) | 0 | 2 | | 1000 | ३७८३० | | | | | | | |
| 3. | Cleaner General | 7 | 0 | | 1000 | ३७८३० | | | | | | | |
| 4. | Foreman | 1 | 0 | | 2500 | ९४५७५ | | | | | | | |
| 5. | Labour | 3 | 0 | | 1000 | ३७८३० | | | | | | | |
| 6. | Receptionist | 0 | 2 | | 1400 | ५२९६२ | | | | | | | |
| 7. | Supervisor | 1 | 0 | | 2500 | ९४५७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 JUly 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.**
इजाजत नं. ९२७/०६७/०६८
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं, नेपाल, फोन: 01-5100754
Mobile: 9841818246 Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com

## युएईमा रोजगार
कम्पनी: POWER CLEANING SERVICES & BUILDING MAINTENANCE (L.L.C.) — शहर: AJMAN
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ — चलानी नं.: ६०२४१३९६ — L.T. No.: 327297

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | messenger | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | supervisor female cleaners | 0 | 10 | | 2000 | ७५,०८० | | | | | | | |
| 3. | supervisor male cleaners | 10 | 0 | | 2000 | ७५,०८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379, 9802853456, Chitwan : 9865087111 Ithari : 9851060167, Pokhara: 9802853454

## यूएईमा रोजगार
कम्पनी: ALL NEW ELEGANT EARTH INTERIOR DECORATION L.L.C — शहर: DUBAI
पूर्व स्वीकृत मिति:२०८२/०४/०७ — चलानी नं.: ६०२४१३१८ — LT. No.:327306

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer / Worker/ Building Worker / Worker | 7 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 3. | Quality Control Assistant | 1 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |
| 4. | Stone Mason | 4 | 0 | | 1200 | ४५,०४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १५ गते (31 July 2025) मा हुनेछ ।**

**GLOBAL RISING PLACEMENT PVT. LTD.**
Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Gaushala, Kathmandu, Nepal — cv@globalrisingplacement.com
www.globalrisingplacement.com — 01- 5915317 | 5917318 — 9801316636, 9801316619, 9801316640.

# आर्थिक कूटनीतिमा अवैतनिक वाणिज्यदूतहरूको भूमिका महत्वपूर्ण : परराष्ट्रमन्त्री

**काठमाडौं/मस**–परराष्ट्र मन्त्री डा.आरजु राणा देउवाले आर्थिक कूटनीति तथा जनस्तरमा सम्बन्ध विस्तारका लागि अवैतनिक वाणिज्यदूतहरुको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताएकी छन् ।




काठमाडौंमा बुधबार आयोजित अनररी कन्सुलर कोर नेपाल (एचसीसी-एन) को १८औं वार्षिक साधारणसभा तथा चार्टर डे समारोहमा बोल्दै मन्त्री राणाले नेपाल र अवैतानिक वाणिज्यदूतहरुले प्रतिनिधित्व गरेका राष्ट्रहरूबीचको सम्बन्धलाई थप मजबुत बनाउनु साथै सम्बन्धित राष्ट्रहरूसँग आर्थिक, शैक्षिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्ध विस्तार गर्न अवैतानिक वाणिज्यदूतहरुको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताइन् ।

मन्त्री डा.राणाले भनिन्,‘वर्तमान विश्वमा द्विपक्षीय सहयोग र साझेदारीलाई साझा समृद्धिका लागि अगाडि बढाउनुपर्ने आवश्यकता छ । व्यापार प्रवर्द्धन, वैदेशिक लगानी आकर्षण, बजारसम्मको पहुँचको सुनिश्चितता, अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि प्रवर्द्धन तथा परस्पर लाभ र चासोका विषयहरुमा यहाँहरुको योगदान अनिवार्य र महत्वपूर्ण छ ।’

कार्यक्रममा बोल्दै एचसीसीएनका डीन चन्द्रप्रसाद ढकालले अवैतानिक वाणिज्यदूतहरू केवल औपचारिक प्रतिनिधिमात्र नभइ नेपालको आर्थिक कूटनीतिका सक्रिय साझेदार भएको बताए ।

उनले भने, ‘हामी सेरेमोनियलबाट माथि उठेर सक्षम, सक्रिय र समर्पितढंगले नेपालको कूटनीति र विकासमा योगदान दिइरहेका छौं ।’

ढकालले वर्तमान विश्व पारस्परिक रूपमा जोडिएको परिस्थितिमा आर्थिक कूटनीतिको महत्व झन तीव्र गतिमा बढिरहेको उल्लेख गर्दै भने, ‘आजको विश्वव्यापी युगमा आर्थिक कूटनीति विकल्प होइन, आवश्यकता हो ।’

आइएमई ग्रुपका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षसमेत रहेका ढकालले राष्ट्रिय हितका पक्षमा एचसीसीएनको प्रतिबद्धता दोहोऱ्याउँदै भने, ‘नेपाल अल्पविकसित राष्ट्र (एलडीसी) को श्रेणीबाट स्तरोन्नति हुने तयारीमा रहेकाले अवैतानिक वाणिज्यदूतहरूले आर्थिक रूपान्तरणमा स्वयम्सेवकको रूपमा काम गर्न सक्ने छन्।’

ढकालले एचसीसीएन राष्ट्रिय प्राथमिकताप्रति समर्पित रहेको बताउँदै परराष्ट्र मन्त्रालयसँगको सहकार्यमा महासंघ र एचसीसीएनले पहिलोपटक नेपालमा आर्थिक सम्मेलन आयोजना गर्नका लागि तयारी गरिरहेको जानकारी बताए । हालै काठमाडौंको चन्द्रगिरीमा परराष्ट्र मन्त्रालयसँग संयुक्तरूपमा आयोजित कार्यशालाको स्मरण गर्दै उनले त्यस अवसरमा अवैतानिक वाणिज्यदूतहरूले वैदेशिक लगानी, नवप्रवर्तन, व्यापार, पर्यटन र गैरआवासीय नेपालीहरुसँगको सहकार्यमा योगदान पुऱ्याउन सक्ने बताए ।

सो अवसरमा संयुक्त राष्ट्र संघका पूर्वउपमहासचिव ज्ञानचन्द्र आचार्यले आफ्नो विशेष मन्तव्यमा कूटनीति र अन्तर्राष्टिय समुदायमाझ नेपालको खास उपस्थिति र बदलिँदो विकासलाई समन्वय गरेर अघि बढ्न अवैतानिक वाणिज्यदूतहरुको भूमिका प्रष्ट पारेका थिए ।

